# संविधानसभा

## नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति



संविधानको विधेयकको पहिलो मस्यौदामाथि नेपाली नागरिकहरुको

# राय सुझाव वा प्रतिक्रिया सम्बन्धी प्रतिवेदन

२०७२

संविधानसभा सचिवालय सिंहदरबार

फोन नं. ९७७-१-४२००१९४

URL : http//www.can.gov.np

## मन्तव्य

**सम्माननीय अध्यक्ष महोदय,**

नेपाली जनताबाट राष्ट्रियहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि पटक पटक गरिदै आएका जनआन्दोलन, सशस्त्र संघर्ष र वलिदानको परिणामस्वरुप नेपालमा पहिलो पटक २०६४ सालमा संविधानसभाको निर्वाचन भएको थियो । पहिलो संविधानसभाबाट संविधान निर्माणको कार्यले पूर्णता पाउन नसके पनि २०७० सालको दोस्रो संविधानसभाबाट संविधान निर्माण गर्नका लागि पहिलो संविधानसभाले आधार तयार गरेको थियो । संविधानसभा, नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको प्रमुख कार्य संविधानको पहिलो मस्यौदा तयार भए पश्चात यस माथि स्वदेश र विदेशमा रहेका नेपाली नागरिकबाट राय, सुझाव, प्रतिक्रिया संकलन गर्ने र यस सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने रहेको छ । यस सम्बन्धमा गत असार २४ गते "संविधानको विधेयकको पहिलो मस्यौदा प्रचार प्रसार गर्ने र सो बारे नेपाली नागरिकहरुको सुझाव संकलन कार्ययोजना, २०७२" संविधान सभाबाट स्वीकृत भएको थियो ।

सभावाट स्विकृत कार्ययोजना अनुसार १५ दिनको अवधिमा स्वदेश र विदेशमा बसोबास गरेका नेपालीहरुको राय सुझाव संकलन गर्न संविधानको विधेयकको पहिलो मस्यौदा छपाई गरि प्रचार प्रसार गर्ने एवं जिल्ला, नगर र गाऊँ गाऊँमा वितरण गरिएको थियो । ७५ जिल्लाका २४० निर्वाचन क्षेत्रमा साउन ४ र ५ गते सार्वजनिक सुनवाई लगायतका कार्यक्रमहरु गरी संविधानको मस्यौदामा जनताको सुझाव संकलनको राष्ट्रिय अभियान उत्साहपूर्ण सहभागिताबाट पूर्णरुपमा सफल रहयो । ईमेल, वेभसाईट, फ्याक्स, टोल फ्री नं, हुलाक र सोझै सचिवालयमा दर्ता गराएर वा अन्य जुनसुकै माध्यमबाट पनि सुझाव दिन सकिने व्यवस्था मिलाईएको थियो । संविधानको मस्यौदामा जनताको सुझाव संकलनको यस राष्ट्रिय अभियानमा ऐतिहासिक रुपमा जन सहभागिता रहेको र लाखौंको संख्यामा सुझावहरु प्राप्त भएका छन् ।

**सम्माननीय अध्यक्षज्यू,**

परम्परागत मान्यतामा राजनीतिज्ञ र केही सरोकारवालाहरुको वहसको विषयवस्तु मात्र हुने गरेको संविधानको मस्यौदा यस पटक ग्रामीण महिला, किसान, वालवालिका, युवा, जेष्ठ नागरिक लगायत सवै वर्ग र समुदायका जनताको छलफलको विषय बनेको छ । संविधानको मस्यौदाको छलफलमा भाग लिने र आफूले चाहेको सुझाव दिन पाउने अवसर संविधानसभाले स्वदेश र विदेशमा रहेका नेपाली नागरिकहरुलाई दिएका कारण सार्वभौम जनताको सार्थकताको वास्तविक अनुभूती नेपाली जनताले गरेका छन । केहि निर्वाचन क्षेत्रमा अवरोधका वावजुत पनि जनताले आफ्ना सुझावहरु हामीलाई उपलब्ध गराउनु भएको छ र उहाँहरुको साथमा संविधानसभाका सम्पूर्ण माननीय सदस्यहरु हुनुहुन्छ भन्ने विश्वास म त्यस क्षेत्रका जनताहरुलाई सम्माननीय अध्यक्षज्यू मार्फत दिलाउन चाहान्छु ।

**सम्मननीय अध्यक्ष्यज्यू,**

विदेशमा बसोबास गरेका नेपाली नागरिकहरुको राय सुझाव विदेशस्थित कूटनैतिक नियोग तथा प्रवासी नेपाली संघसंस्थाको समन्वय र सहकार्यमा परराष्ट्र मन्त्रालय मार्फत एवं समितिबाट व्यवस्था गरिएको इमेल र वेभसाईटबाट प्राप्त भएको थियो । ७५ जिल्लाका २४० निर्वाचन क्षेत्रमा संविधानसभाका माननीय सदस्यहरु स्वयं उपस्थित भई सञ्चालन गरिएका जनताको सुझाव संकलनको जिल्लागत प्रतिवेदन समितिमा प्राप्त भएको थियो । यसरी संविधानको विधेयकको पहिलो मस्यौदामाथि जिल्लागत एवं स्वदेश र विदेशमा बसोबास गरेका नेपाली नागरिकहरुबाट प्राप्त भएका सुझावहरुलाई संविधानको विषयवस्तुका आधारमा वर्गीकरण गर्ने कार्य अत्यन्तै चुनौतीपूर्ण हुँदाहुँदै पनि नेपाली जनताको उत्साहप्रद सहभागिता र संविधानसभाका सम्पूर्ण माननीय सदस्यहरुको सक्रियता एवं प्रतिवद्धता र यस कार्यमा संलग्न कर्मचारीहरुको सहयोगबाट जनताको राय, सुझाव, प्रतिक्रिया सम्बन्धि प्रतिवेदन तयार गरी पेश गरिएको छ । जिल्लागत प्रतिवेदनका साथमा जनताहरुले उपलब्ध गराउनु भएका सम्पुर्ण सुझावहरु संविधानसभाको

अभिलेख र सम्पत्तिको रुपमा रहने छन् । जनताको सुझाव संकलनको यस महान कार्यको सफलताको लागि संविधानसभाका सम्पूर्ण माननीय सदस्यहरु प्रति म सदा सर्वदा आभारी छु ।

**सम्माननीय अध्यक्ष्यज्यू,**

जनताले आफ्ना प्रतिनिधिहरुको हातैमा दिएका सुझावहरु अध्ययन गर्दा संविधान केवल राजनीतिक र कानूनी दस्तावेज मात्र नभई सवै तह एवं समुदायका जनता र जनप्रतिनिधिहरु विचको छलफल एवं सहमतिको दस्तावेजको रुपमा संविधान सभावाट पारित हुनेछ भन्ने विश्वास नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको रहेको छ । संविधानको मस्यौदामा जनताहरुले सुझाव दिईरहदा उहांहरुको अनुहारमा सम्वृद्ध नेपालको चाहाना प्रतिविम्वित भएको र आफ्नै जिवनकालमा सम्वृद्ध नेपाल देख्न चाहेको कुरा पनि अभिव्यक्त भएको थियो । संविधानसभाले समयमै संविधान निर्माण गरेर सम्वृद्ध नेपालको जनचाहाना अनुसार राष्ट्रलाई दिशानिर्देश गर्नेछ भन्ने विश्वास मैले लिएको छु ।

**सम्माननीय अध्यक्षज्यू,**

सुझाव संकलनको राष्ट्रिय अभियानलाई प्रभावकारी र सफल बनाउन सम्माननीय प्रधानमन्त्रीज्यू, उप प्रधानमन्त्रीज्यूहरु, माननीय मन्त्रीज्यूहरुले गर्नु भएको हर प्रकारको सहयोग प्रति म ज्यादै आभारी छु । यस कार्यमा अन्य आवश्यक सहयोग गर्नुहुने नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरु र जिल्लास्थित प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी लगायत संलग्न नेपाल सरकारकारका सम्पुर्ण कर्मचारी, सुरक्षाकर्मी र निकायहरुलाई म धन्यवाद दिन चाहन्छु ।

**सम्माननीय अध्यक्षज्यू,**

समितिको कार्ययोजना अनुसार गाऊँ शहरमा सञ्चालन गरिएका सार्वजनिक कार्यक्रममा सहभागी भई लाखौंको संख्यामा सुझाव दिनुहुने एवं ईमेल, वेभसाईट, फ्याक्स, टोल फी तथा पोष्ट बक्स एवं संविधानसभाका सम्माननीय अध्यक्षज्यू मार्फत र समितिमा व्यक्तिगत एवं संस्थागतरुपमा सुझाव दिनुहुने सम्पूर्ण सुझावदाता नेपाली नागरिकहरुलाई म हृदयदेखि धन्यवाद दिन चाहान्छु । सुझाव संकलनको यस महान अभियानमा संविधानको मस्यौदा प्रचार प्रसार लगायत समितिको कार्ययोजना एवं सुझाव संकलनको गतिविधिहरुको प्रचार प्रसार गरी उत्साहजनक जनसहभागिता जुटाउन सहयोग गर्नुहुने सम्पूर्ण सञ्चारकर्मी एवं सञ्चार माध्यमलाई म धन्यवाद व्यक्त गर्दछु ।

समिति र जनताको सुझाव संकलन सम्बन्धी कार्यका सम्बन्धमा संविधानसभाका सम्माननीय अध्यक्ष र उपाध्यक्षज्यूबाट प्राप्त परामर्श, सुझाव तथा मार्गदर्शन प्रति म सदा सर्वदा आभारी छु । समिति एवं सुझाव संकलनको सन्दर्भमा संविधानसभाका महासचिव श्री मनोहर प्रसाद भट्टराई र व्यवस्थापिका-संसद सचिवालयका सचिव श्री मुकुन्द शर्माले गर्नु भएको कार्यको उच्च मूल्यांकन गर्दै धन्यवाद दिन चाहन्छु । यसै गरी समितिको हरेक काम कारवाही र जनताको सुझाव संकलनको राष्ट्रिय अभियान सफल बनाउन हर प्रकारले सहयोग पुर्याउने नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति सचिवालय परिवार, संविधानसभा सचिवालयका सम्पूर्ण कर्मचारीहरु र सुझाव संकलन एवं वर्गिकरण कार्यमा सहयोग गर्नुहने कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका कर्मचारी मित्रहरुलाई म धन्यवाद दिन चाहान्छु ।

**सम्माननीय अध्यक्ष्यज्यू,**

अध्यक्ष्यज्यूको अनुमतीले, अव म संविधानको विधेयकको पहिलो मस्यौदा माथि स्वदेश र विदेशमा वसोवास गर्ने नेपाली नागरिकवाट प्राप्त राय, सुझाव, प्रतिक्रिया सम्बन्धमा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले तयार गरेको प्रतिवेदन सभामा प्रस्तुत गर्दछु ।

**धन्यवाद**

मितिः २०७२ साल साउन ११ गते

प्रमिला

प्रमिला राणा
सभापति
नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति

पेज नं.


| | | |
|---|---|---|
| क | मन्तव्य........................................ | |
| ख | विषय सूची........................................ | |
| **खण्ड-१** | **परिचय** | १-८ |
| १.१ | पृष्ठभूमि........................................ | १ |
| १.२ | समितिको गठन र कार्यक्षेत्र........................................ | २ |
| १.२.१ | समितिको गठन........................................ | २ |
| १.२.२ | समितिको कार्यक्षेत्र........................................ | २ |
| १.३ | समितिको कार्ययोजना........................................ | ३ |
| १.४ | सुझाव संकलन र विवरण........................................ | ४ |
| १.४.१ | सुझाव संकलन........................................ | ४ |
| १.४.२ | सुझाव विवरण........................................ | ४ |
| **खण्ड-२** | **संविधानको विधेयकको पहिलो मस्यौदामाथि जनताको राय सुझाव वा प्रतिक्रिया** | |
| | प्रस्तावना ........................................ | ९ |
| | भाग-१ प्रारम्भिक ........................................ | ११ |
| | भाग-२ नागरिकता ........................................ | १४ |
| | भाग-३ मौलिक हक र कर्तव्य ........................................ | १७ |
| | भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व ........................................ | २२ |
| | भाग-५ राज्यको संरचना र राज्य शक्तिको बाँडफाँट ........................................ | २५ |
| | भाग-६ राष्ट्रपति र उपराष्ट्रपति ........................................ | २७ |
| | भाग-७ संघीय कार्यपालिका ........................................ | २९ |
| | भाग-८ संघीय व्यवस्थापिका ........................................ | ३० |
| | भाग-९ संघीय व्यवस्थापन कार्यविधि ........................................ | ३३ |
| | भाग-१० संघीय आर्थिक कार्यप्रणाली ........................................ | ३४ |
| | भाग-११ न्यायपालिका ........................................ | ३४ |
| | भाग-१२ प्रादेशिक कार्यपालिका ........................................ | ३८ |
| | भाग-१३ प्रादेशिक व्यवस्थापिका ........................................ | ३९ |
| | भाग-१४ प्रादेशिक व्यवस्थापन कार्यविधि ........................................ | ४० |
| | भाग-१५ प्रादेशिक आर्थिक कार्यप्रणाली ........................................ | ४० |
| | भाग-१६ स्थानीय कार्यपालिका ........................................ | ४१ |
| | भाग-१७ स्थानीय व्यवस्थापिका ........................................ | ४१ |
| | भाग-१८ स्थानीय आर्थिक कार्यप्रणाली ........................................ | ४२ |
| | भाग-१९ संघ, प्रदेश र स्थानीय तह वीच अन्तरसम्बन्ध ........................................ | ४२ |
| | भाग-२० अख्तियार दुरुपयोग अनुसन्धान आयोग ........................................ | ४२ |
| | भाग-२१महालेखा परीक्षक ........................................ | ४४ |
| | भाग-२२ संघीय लोक सेवा आयोग ........................................ | ४४ |
| | भाग-२३ निर्वाचन आयोग ........................................ | ४५ |
| | भाग-२४ राष्ट्रिय मानव अधिकार आयोग ........................................ | ४६ |
| | भाग-२५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग ........................................ | ४७ |
| | भाग-२६ राष्ट्रिय महिला आयोग ........................................ | ४८ |

भाग-२७ राष्ट्रिय दलित आयोग ........................................ ४८
भाग-२८ राष्ट्रिय समावेशी आयोग ........................................ ४९
भाग-२९ महान्यायाधिवक्ता ........................................ ४९
भाग-३० राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था ........................................ ५०
भाग-३१ राजनीतिक दल सम्बन्धी व्यवस्था ........................................ ५१
भाग-३२ संकटकालीन अधिकार ........................................ ५२
भाग-३३ संविधान संशोधन ........................................ ५३
भाग-३४ विविध ........................................ ५३
भाग-३५ संक्रमणकालीन व्यवस्था ........................................ ५७
भाग-३६ परिभाषा र व्याख्या ........................................ ५७
भाग-३७ संक्षिप्त नाम, प्रारम्भ र खारेजी ........................................ ५७
अनुसूची-१ नेपालको राष्ट्रिय झण्डा बनाउने तरिका ........................................ ५८
अनुसूची-२ नेपालको राष्ट्रिय गान ........................................ ५८
अनुसूची-३ नेपालको निशान छाप ........................................ ५८
अनुसूची-४ संघको अधिकारको सूची ........................................ ५९
अनुसूची-५ प्रदेशको अधिकारको सूची ........................................ ५९
अनुसूची-६ संघ र प्रदेशको साझा अधिकारको सूची ........................................ ५९
अनुसूची-७ स्थानीय तहको अधिकारको सूची ........................................ ६०

**खण्ड-३** **निश्कर्ष** ६१

अनूसूचीहरु

१. माननीय सदस्यहरुको नामावली ........................................
२. सुझाव संकलन उपसमिति ........................................
३. समितिको कार्ययोजना ........................................
४. विभिन्न मुलुकबाट वेभसाईट मार्फत प्राप्त सुझाव ........................................

## खण्ड-१
## परिचय

### १.१ पृष्ठभूमि

नेपाली जनताबाट आफ्नो संविधान आफैं बनाउन पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलनको सार्थक परिणाम स्वरुप २०६४ सालमा पहिलो पटक संविधानसभाको निर्वाचन भएको थियो । पहिलो संविधानसभामा संविधान निर्माणको निम्ति एघारवटा विषयगत र तीनवटा प्रक्रियागत समितिहरु गठन गरिएको थियो । पहिलो संविधानसभा अवधिमा विषयगत समितिहरुले प्रश्नावली बनाई मुलुकभरका गाऊ शहरमा गई जनमत संकलन गरी सोही जनमतका आधारमा अवधारणा-पत्र सहितका विषयगत मस्यौदा तयार गरिएको थियो । २०७० सालमा दोश्रो संविधानसभाको निर्वाचन भएपछि पहिलो संविधानसभाबाट तयार गरिएका विषयगत मस्यौदाहरुमा रहेका सहमति र असहमतिको विषयलाई निर्क्यौल गरिनुका साथै नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदा तयार भई यसमाथि जनताको प्रतिक्रिया लिने उद्देश्यबाट नेपाल राजपत्रमा प्रकाशित भई सार्वजनिक गरिएको थियो ।

संविधानको विधेयकको पहिलो मस्यौदालाई प्रचार प्रसार गर्न, सुझाव संकलन गर्न र सो बारे प्रतिवेदन तयार गरी संविधानसभामा बुझाउनको लागि संविधानसभाबाट नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिलाई असार २४ देखि साउन ७ गतेसम्मको पन्ध्र दिन समयावधि दिइएको थियो । समितिको जिम्मेवारीभित्रको कार्य निर्धारित समयमा सम्पन्न गर्ने सम्बन्धमा समितिबाट तयार गरिएको "संविधानको विधेयकको पहिलो मस्यौदामाथि नेपाली नागरिकहरुको राय सुझाव कार्ययोजना, २०७२" संविधानसभाबाट स्वीकृत भएपछि असार २४ गते देखि नै राय सुझाव संकलनको कार्य सुरु गरिएको थियो । असार २५ गते देखि जिल्ला जिल्लामा मस्यौदा वितरण र प्रचार प्रसारको कार्यका लागि कर्मचारीहरु खटाइएको थियो । साउन १ गते देखि संविधानसभामा माननीय सदस्यहरु कार्यविभाजन अनुसार निर्वाचन क्षेत्रमा गई सार्वजनिक सुनुवाइ लगायत विभिन्न कार्यक्रम गरी जनताबाट प्राप्त भएका राय सुझाव वा प्रतिक्रियाहरु सम्बन्धी जिल्लागत प्रतिवेदनहरु समितिमा प्राप्त भएका थिए । समितिमा स्वदेश र विदेशबाट वेभसाईट, इमेल, टोल फी, फ्याक्स र पोष्ट बक्सका माध्यमबाट असार २४ देखि साउन ५ गते सम्म प्राप्त भएका सुझावहरु संकलन गरिएको थियो । विदेशस्थित नेपाली कूटनैतिक नियोग र परराष्ट्र मन्त्रालय मार्फत समेत विदेशमा रहेका नेपाली नागरिकहरुको सुझाव प्राप्त भएको थियो ।

संविधानको विधेयकको मस्यौदामाथि स्वदेश वा विदेशमा रहेका नेपाली नागरिकबाट व्यक्तिगत वा संस्थागत रुपमा समितिमा सोझै वा अन्य जुनसुकै माध्यमबाट प्राप्त भएका सुझावहरुको समेत अभिलेख राखी विश्लेषण गरिएको थियो । स्वदेश र विदेशमा रहेका नेपाली नागरिहरुबाट संविधानको विधेयकको पहिलो मस्यौदा माथि विभिन्न माध्यमबाट प्राप्त भएका राय सुझाव वा प्रतिक्रिया एवं मुलुकभित्रका ७५ जिल्लाबाट प्राप्त जिल्लागत प्रतिवेदनहरुको विश्लेषण गरी समिति अन्तर्गतको प्रतिवेदन मस्यौदा उपसमितिबाट तयार गरिएको यसबारेको प्रतिवेदन समितिको मिति २०७२।४।११ गतेको निर्णयानुसार संविधानसभामा पेस गरिएको छ ।

### १.२ समितिको गठन र कार्यक्षेत्र

#### १.२.१ समितिको गठन

संविधानसभा नियमावली, २०७० को नियम ६८ बमोजिम संविधानसभामा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको गठन भएको हो । समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली अनुसूची-१ मा उल्लेख गरिएको छ ।

#### १.२.२ कार्यक्षेत्र

संविधानसभा नियमावली, २०७० अनुसार समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ :-

(क) संविधानको पहिलो मस्यौदामाथि जनमत एवं सुझाव संकलन गर्न विभिन्न सञ्चारका माध्यमबाट मस्यौदाको प्रचार प्रसार गर्ने ।

(ख) संविधानको पहिलो मस्यौदा उपर कम्तीमा प्रत्येक जिल्लामा सार्वजनिक सुनुवाइ गर्ने गराउने ।

(ग) संविधानको पहिलो मस्यौदा उपर सुझाव संकलनको लागि आवश्यकता अनुसार गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने ।

(घ) विभिन्न माध्यम मार्फत स्वदेश र विदेशमा रहेका नेपाली नागरिकवाट व्यक्तिगत तथा संस्थागत रुपमा प्राप्त सुझावहरुको अभिलेख व्यवस्थापन गर्ने ।

(ङ) जनताबाट प्राप्त सुझावहरुको विश्लेषण गरी सो सम्वन्धी प्रतिवेदन संविधानसभामा पेश गर्ने ।

समितिको आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषय अनुसार सम्पादन गर्नु पर्ने कामको आधारमा ५ वटा उपसमिति गठन गरिएको थियो । समिति अन्तर्गत गठन गरिएका ५ वटा उपसमिति र प्रत्येक उपसमितिका संयोजकहरु देहाय बमोजिम तालिका नं. १ मा उल्लेख गरिएको छ :-

*तालिका नं. १ : उपसमिति र उपसमितिका संयोजकहरु*

| | उपसमिति | संयोजक |
|---|---|---|
| (क) | आन्तरिक कार्यविधि र कार्ययोजना मस्यौदा उपसमिति | मा० प्रभादेवी बज्राचार्य |
| (ख) | समन्वय तथा अनुगमन उपसमिति | मा० भक्त बहादुर विश्वकर्मा |
| (ग) | प्रचार प्रसार र प्रकाशन उपसमिति | मा० उमेश कुमार यादब |
| (घ) | विदेशमा बसोबास गरेका नेपाली नागरिकहरुको सुझाव संकलन उपसमिति | मा० राजीव बिक्रम शाह |
| (ङ) | प्रतिवेदन मस्यौदा उपसमिति | मा० प्रेम बहादुर गिरी |

### १.३ सुझाव संकलन कार्ययोजना

समितिको कार्ययोजना संविधानसभाबाट २०७२ असार २४ गते स्वीकृत गरिएको थियो । समितिको कार्य योजनाको नाम "संविधानको विधेयकको पहिलो मस्यौदा प्रचार प्रसार गर्ने र सोबारे नेपाली नागरिकहरुको राय सुझाव संकलन कार्ययोजना, २०७२" रहेको छ । यस कार्ययोजनालाई अनुसूची-२ मा उल्लेख गरिएको छ ।

## १.४ सुझाव संकलन र विवरण

### १.४.१ सुझाव संकलन

संविधानको विधेयकको पहिलो मस्यौदामाथि जनताको राय सुझाव संकलन गर्नको लागि संविधानसभामा हाल कायम रहनु भएका ५९७ माननीय सदस्यहरुको कार्यविभाजन अनुसूची-३ बमोजिम गरिएको थियो । कार्यविभाजन अनुसार माननीय सदस्यहरु ७५ जिल्लाका २४० निर्वाचन क्षेत्रमा साउन ४ र ५ गते स्वयं उपस्थित भइ सार्वजनिक सुनुवाइ लगायतका कार्यक्रम सञ्चालन गरिएको थियो । विदेशस्थित कूटनैतिक नियोगको समन्वय र सहकार्यमा विदेशमा बसोबास गरेका नेपालीहरुको राय सुझाव इमेल, वेभसाइट र परराष्ट मन्त्रालय मार्फत प्राप्त भएको थियो ।

समितिको कार्ययोजना अनुसार संविधानको विधेयकको पहिलो मस्यौदामा नेपाली नागरिकहरुको राय सुझाव संकलन गर्नको लागि केन्द्रीयस्तरबाट ५,००० प्रति राजपत्र प्रकाशन, २,३०,००० प्रति मस्यौदा र १,००,००० प्रति मस्यौदाका विशेषता सम्बन्धी पुस्तिका छपाई, २,५०,००० प्रति मस्यौदाको पूर्ण अंश गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकासन, रेडियो नेपालबाट मस्यौदाको पूर्ण प्रति वाचन, नेपाल टेलिभिजनबाट मस्यौदामा आधारित बहस,जनमत संकलन राष्ट्रिय अभियान कार्यक्रम सञ्चालन, सम्माननीय अध्यक्षज्यूबाट देशवासीका नाममा भएको अपील र समितिको आह्वान प्रकाशन तथा प्रसारण, केन्द्रीयस्तरमा मिति २०७२।३।२८ गते अन्तरक्रिया कार्यक्रम सञ्चालन, पत्रकार भेटघाट कार्यक्रम लगायत सुझाव संकलन सम्बन्धी विभिन्न कार्यहरु गरिएको थियो ।

त्यसैगरी, स्थानीयस्तरबाट समेत मस्यौदाका प्रतिहरु सबै नगरपालिका, गाविसमा वितरण र सामूहिक छलफल, माइकिङ, पोष्टर, पम्प्लेटिङ, तुल, व्यानर र स्थानीयस्तरमा उपलब्ध सञ्चारका माध्यमबाट प्रचार प्रसार, जिल्ला जिल्लामा सर्वपक्षीय भेला/बैठक र सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको थियो ।

### १.४.२ सुझावहरुको विवरण

संविधानको विधेयकको पहिलो मस्यौदामाथि स्वदेश र विदेशमा बसोबास गरेका नेपाली नागरिकहरुबाट वेभसाईट, इमेल, टोल फी नं., पोष्ट बक्स र फ्याक्स लगायत अन्य माध्यम मार्फत तथा समितिमा सोझै लिखितरुपमा राय सुझाव वा प्रतिक्रियाहरु प्राप्त भएका थिए ।

मुलुकभित्र ७५ जिल्लाका २४० निर्वाचन क्षेत्रमा संविधानसभाका माननीय सदस्यहरु स्वयं उपस्थित भई मस्यौदामाथि विभिन्न सार्वजनिक सुनुवाइ लगायतका कार्यक्रमहरु आयोजना गरिएको थियो । जिल्लाका निर्वाचन क्षेत्रमा सञ्चालन भएका विभिन्न सार्वजनिक कार्यक्रममा सहभागि भई वा अन्य माध्यमबाट प्राप्त भएका राय सुझाव वा प्रतिक्रियाहरु प्रत्येक जिल्ला उपसमितिबाट प्रतिवेदनको रुपमा समितिमा पेश गरिएको थियो ।

समितिमा प्राप्त भएका जिल्लागत प्रतिवेदनका आधारमा जिल्लास्थित विभिन्न कार्यक्रममा सहभागि भई लिखित वा मौखिकरुपमा प्राप्त भएका सुझावहरु देहायको तालिका नं. ४ मा उल्लेख गरिएको छ :-

स्वदेश र विदेशमा बसोबास गरेको नेपाली नागरिकहरुबाट वेभसाईट, इमेल, टोल फ्री नं., पोष्ट बक्स र फ्याक्स लगायत अन्य माध्यम तथा समितिमा सोझै लिखितरुपमा २०७२ साल असार २४ देखि साउन ५ गतेसम्म प्राप्त भएका राय सुझाव वा प्रतिक्रियाहरु देहाय बमोजिम तालिका नं. २ मा उल्लेख गरिएको छ :-

तालिका नं.२ : *समितिमा प्राप्त भएका सुझाव*

| सि.नं. | राय सुझाव प्राप्त भएको माध्यम | सुझाव संख्या |
|---|---|---|
| १ | वेभसाईट | २०७२२ |
| २ | इमेल | ८८०० |
| ३ | टोल फ्री | २४७१ |
| ४ | फ्याक्स | ११४४ |
| ५ | पोष्ट बक्स वा समितिमा सोझै | ६१६ |
| | जम्मा: | ३३७५३ |

वेभसाईटबाट प्राप्त भएका सुझावहरुमध्ये विदेशमा बसोबास गरेका नेपाली नागरिकहरुको सुझावहरु देहायको तालिका नं. ३ मा उल्लेख गरिएको छ :-

*तालिका नं. ३ : विदेशमा बसोबास गरेका नेपाली नागरिकहरुबाट वेभसाईट मार्फत प्राप्त भएका राय सुझाव*

| क.सं. | मुलुकको नाम | सुझाव | क.सं. | मुलुकको नाम | सुझाव |
|---|---|---|---|---|---|
| १ | संयुक्त राज्य अमेरिका | ८९० | २ | यूनाईटेड अरब ईमिरेट | ३८८ |
| ३ | कतार | ३६३ | ४ | दक्षिण कोरिया | २४१ |
| ५ | साउदी अरेबिया | २०८ | ६ | बेलायत | २०८ |
| ७ | मलेशिया | १८६ | ८ | अष्ट्रेलिया | १७१ |
| ९ | भारत | १६० | १० | नर्वे | १२५ |
| ११ | जापान | १०३ | १२ | डेनमार्क | १०८ |
| १३ | बहराईन | ६१ | १४ | इजाराईल | ५७ |
| १५ | फिनल्याण्ड | ५३ | १६ | क्यानडा | ४१ |
| १७ | स्वीजरल्याण्ड | ३९ | १८ | हङकङ | ३८ |
| १९ | बेल्जियम | २४ | २० | नेदरल्याण्ड | २४ |
| २१ | थाईल्याण्ड | २१ | २२ | फ्रान्स | १९ |
| २३ | सिंगापुर | १८ | २४ | मकाओ | १५ |
| २५ | बंगलादेश | १३ | २६ | अष्ट्रिया | १३ |
| २७ | ईजिप्ट | ९ | २८ | अफगानिस्तान | ९ |
| २९ | पोर्चुगल | ८ | ३० | रसिया | ७ |
| ३१ | ओमन | ७ | ३२ | माल्दिभ्स | ७ |
| ३३ | नाइजेरिया | ५ | ३४ | फिलिपिन्स | ५ |
| ३५ | ब्रुनाई | ४ | ३६ | न्यूजिल्याण्ड | ३ |
| ३७ | इराक | ३ | ३८ | ब्राजिल | २ |
| ३९ | उक्रेन | २ | ४० | क्यामन द्विप | २ |
| ४१ | दक्षिण अफ्रिका | २ | ४२ | चेक गणतन्त्र | २ |
| ४३ | स्पेन | २ | ४४ | म्यानमार | २ |
| ४५ | मरिसस | २ | ४६ | कजाकस्थान | २ |
| ४७ | उगाण्डा | २ | ४८ | बरमुडा | १ |
| ४९ | पाकिस्तान | १ | ५० | रोमानिया | १ |
| ५१ | मदागास्कर | १ | ५२ | लेवनान | १ |

| क.सं. | मुलुकको नाम | सुझाव | क.सं. | मुलुकको नाम | सुझाव |
|---|---|---|---|---|---|
| ५३ | सुडान | १ | ५४ | अन्य | १३१५ |
| | जम्मा: | | | | ४९९५ |

संविधानको विधेयकको पहिलो मस्यौदामाथि प्राप्त जिल्लागत प्रतिवेदनमा उल्लिखित सुझावहरु तथा स्वदेश र विदेशमा बसोबास गरेका नेपाली नागरिकहरुबाट वेभसाईट, इमेल, टोल फ्री, पोष्ट बक्स र फ्याक्स लगायत अन्य माध्यम मार्फत तथा समितिमा सोझै लिखितरुपमा प्राप्त भएका राय सुझाव वा प्रतिक्रियाहरु एकीकृत रुपमा संविधानको विधेयकको विषयका आधारमा यस प्रतिवेदनको खण्ड-२ मा प्रस्तुत गरिएको छ।

## खण्ड २

# संविधानको विधेयकको पहिलो मस्यौदामा जनताको राय, सुझाव वा प्रतिक्रिया नेपालको संविधान, २०७२

## प्रस्तावना

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| प्रस्तावना सम्बन्धी | प्रस्तावना धेरै लामो भयो, भाषा सरल, शुद्ध गरी पुनर्लेखन गर्नुपर्ने । |
| | संविधानका अन्तरवस्तु सबै प्रस्तावनामा समेट्न आवश्यक छैन । |
| | प्रस्तावनामा "सगरमाथा, बुद्धको जन्मभूमि, वीर योद्धा, शान्ति प्रिय, गोर्खालीहरुको हिन्दु राष्ट्र नेपाल" भन्ने व्यवस्था थप्नुपर्ने । |
| | प्रस्तावनामा जनताको अभूतपूर्व बलिदान साथै माओवाद भन्ने शब्द थपिनुपर्ने । |
| | प्रस्तावनामा उल्लेख "समाजवाद"को विषयमा जनतालाई प्रष्ट पार्नुपर्ने । |
| | प्रस्तावनामा उल्लेख भएको "समाजवाद" भन्ने शब्द हटाउने । |
| | प्रस्तावनामा उल्लेख भएको "समाजवाद" भन्ने शब्दको सट्टा "समतामूलक समाज" भन्ने राख्ने । |
| | प्रस्तावनामा "सनातन हिन्दु धर्म" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा उल्लेख भएको "संघीय" भन्ने शब्द हटाउने । |
| | प्रस्तावनामा उल्लेख भएको "संघीय शासन व्यवस्था"को सट्टा "लोकतान्त्रिक गणतन्त्र" भन्ने शब्दहरु राख्ने । |
| | प्रस्तावनामा "पहिचान सहितको संघीयता" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा उल्लेख भएको "प्रेस स्वतन्त्रता" भन्ने शब्दहरुको सट्टा "पूर्ण प्रेस स्वतन्त्रता" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा उल्लेख भएको "प्रेस स्वतन्त्रता" भन्ने शब्दहरुको सट्टा "आम सञ्चार स्वतन्त्रता" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा उल्लेख भएको "सामन्ती निरंकुश, केन्द्रीकृत, एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका विभेद र उत्पीडनको अन्त्य गर्दै" भन्ने व्यवस्था हटाउने । |
| | प्रस्तावनामा उल्लेख भएको "सामन्ती निरंकुश, केन्द्रीकृत, एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका विभेद र उत्पीडनको अन्त्य गर्दै" भन्ने व्यवस्था राख्नुपर्ने । |
| | प्रस्तावनामा "जनयुद्ध, जनआन्दोलन, आदिवासी जनजाती आन्दोलन, मधेश आन्दोलन, थरुहट र लिम्वुवान आन्दोलनको उपलब्धी" भन्ने व्यवस्था थप्ने । |
| | प्रस्तावनामा "समानता र अविभेद" भन्ने शब्दहरु थप्ने |

| | |
|---|---|
| | प्रस्तावनामा समृद्धि जीवनको लागि समाजबाद थप्नुपर्ने । |
| | प्रस्तावनामा "नेपालको गौरव झल्काउने विभूतिहरुको नाम र गौरव" उल्लेख गर्नुपर्ने । |
| | प्रस्तावनामा राजालाई पनि स्थान दिने व्यवस्था मिलाउनुपर्ने । |
| | प्रस्तावनामा "हिमाली हिन्दु राज्य" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा "भ्रष्टाचार मुक्त शासन" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा "पितृसत्तात्मक" भन्ने शब्द थप्ने ।<br>प्रस्तावनामा आर्थिक समानता, समृद्धि, सामाजिक न्याय, सम्पत्तिको हक थप्नुपर्ने |
| | प्रस्तावनामा "दलित समुदायलाई राज्यको हरेक अंगमा विशेष अधिकार सहित उपस्थितिको ग्यारेन्टी छ" भन्ने व्यवस्था थप्ने । |
| | प्रस्तावनामा नै नेपाललाई छुवाछुत मुक्त राष्ट्र भनी अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने । |
| | राष्ट्रिय दलित आयोगमा गैर दलित व्यक्तिलाई कुनै पनि पदमा नियुक्ति गरिने छैन भनी थप गर्नुपर्ने । |
| | प्रस्तावनाको अन्तिम अनुच्छेदमा "प्रकृतिको स्रोतको दिगो व्यवस्थापन" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनाको पहिलो परिच्छेदको अन्त्यमा "नेपाल राष्ट्रको निर्माण" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा "शिव, बुद्ध, जानकी, सर्बोच्च शिखर, प्रमुख नदीहरु, संस्कृत भाषा र सनातन सभ्यता" भन्ने व्यवस्था थप्ने । |
| | "धर्म निरपेक्षता" भन्ने शब्दहरु प्रस्तावनामा नै उल्लेख गर्ने । |
| | प्रस्तावनाको परिच्छेद ४ मा रहेको "र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य" भन्ने व्यवस्थाको सट्टा "सबै प्रकारका जातीय विभेदको अन्त्य" भन्ने व्यवस्था राख्ने । |
| | प्रस्तावनामा उल्लेख भएको "सामन्ती निरंकुश, केन्द्रीकृत, एकात्मक र राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै" भन्ने व्यवस्थाको सट्टा "जान अन्जानमा राज्य व्यवस्थाको कारणले विभेद र उत्पीडनमा परेकाहरुको पिरमर्काको सर्वोत्तम रुपमा हल गर्दै" भन्ने व्यवस्था राख्ने । |
| | प्रस्तावनामा "बहुलबाद" भन्ने शब्द थप गर्नुपर्ने । |
| | प्रस्तावनाको छैटौ अनुच्छेदमा उल्लेख भएको "समाजबाद" भन्ने शब्दको सट्टा "समृद्धि र बहुलबाद" भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा उल्लेख भएको "आवधिक निर्वाचन" को सट्टा "अनिवार्य निर्वाचन" भन्ने शब्दहरु राख्ने । |
| | प्रस्तावनामा उल्लेख भएको "समानुपातिक समावेशी" भन्ने सट्टा "पूर्ण समानुपातिक समावेशी" राख्ने । |
| | प्रस्तावनामा "सशस्त्र, संघर्ष, समाजवाद प्रति उन्मुख" भन्ने शब्दहरु हटाउनुपर्ने । |
| | प्रस्तावनामा "खुला उदार अर्थतन्त्र" भन्ने शब्दहरु थप्ने । |

| | |
|---|---|
| | प्रस्तावनामा “वातावरणीय न्याय” भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा “ललितकला” भन्ने शब्द थप्ने । |
| | प्रस्तावनामा “सार्वजनिक, सहकारी र नीजि क्षेत्रमार्फत” भन्ने शब्दहरु थप्ने । |
| | प्रस्तावनामा लोक कल्याणकारी  राज्य भन्ने शब्दहरु थपिनुपर्ने । |
| | प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक, समानुपातिक समावेशी शासन प्रणाली हुनुपर्ने । |
| | प्रस्तावनामा समाजवाद अगाडि लोकतान्त्रिक शब्द थप्ने । |
| | दलित नभनी यसको बदला हरेक ठाउँमा उपेक्षित समुदाय भनी उल्लेख गर्नुपर्ने र परिभाषाको खण्डमा समेत उपेक्षित समुदायको परिभाषा स्पष्ट गरिनुपर्ने । |
| | वर्गीय , जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक, र बर्णव्यवस्था जन्य जातपात र छुवाछुत लगायतका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी बनाउनु पर्ने । |
| | जनताको प्रतिस्पर्धात्मक बहुदलीय, लोकतान्त्रिक, समानुपातिक, समावेशी शासन प्रणाली बनाउनु पर्ने । |
| | जन आन्दोलन, शसस्त्र संघर्ष को सट्टा २००७ सालको जनक्रान्तिबाट शुरु भएको आफ्ना प्रतिनिधिमार्फत निर्मित संविधानद्वारा देशको शासन सञ्चालन गर्ने नेपाली जनताको चिर संचित आकांक्षा र जन अधिकारको लागि भएका सबै संघर्ष शब्द राख्नुपर्ने ।<br><br>२००७ साल देखि नेपाली जनताले फरक फरक गर्दै आएको ऐतिहासिक जनआन्दोलन सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई संस्मरण गर्दै हुनुपर्ने ।<br><br>प्रस्तावनामा आर्थिक सम्बृद्धि र बहुलबाद र अन्तरपुस्ते पारिवारिक संरचनागत एकताको धरोहरलाई पनि अक्षुण्ण राख्दै आर्थिक र राजनीतिक रुपमा समृद्धि हासिल भन्ने राख्ने ।<br><br>प्रस्तावना जनताको सार्वभौम अधिकार, संसदको सर्वोच्चता, स्थानीय निकायको स्वायत्तता र विकेन्द्रीकरणको अधिकारलाई आत्मसात् गर्दै, उल्लेख गरी मिलाउनु |

## भाग -१
## प्रारम्भिक

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| प्रारम्भिक भाग | “धर्म निरपेक्ष” भन्ने शब्दहरुको सट्टा “धार्मिक स्वतन्त्रता” भन्ने शब्दहरु राख्ने । |
| | धार्मिक स्वतन्त्रतासहितको हिन्दु राष्ट्र हुनुपर्ने । |
| | सेरोमोनिअल राजसंस्था र धार्मिक स्वतन्त्रता सहितको हिन्दु राष्ट्र हुनुपर्ने । |
| | नेपाल अखण्ड, भू-परिवेष्ठित, बहुभाषा, बहुभाषिक, सनातन हिन्दु गणराज्य भन्ने व्यवस्था राख्ने । |
| | बौद्ध राज्य हुनुपर्ने । |

| | |
|---|---|
| | धर्म निरपेक्ष हुनुपर्ने । |
| | प्रारम्भिक भागमा धर्म निरपेक्षता उल्लेख गर्नु नहुने । |
| | हिन्दु राज्य हुनुपर्ने । |
| | राजतन्त्रात्मक हिन्दु राज्य हुनुपर्ने । |
| | गणतन्त्र, संघीयता, राजतन्त्र र धर्म निरपेक्षताका सम्बन्धमा जनमत संग्रह गर्ने भन्ने व्यवस्था राख्नुपर्ने । |
| | राष्ट्रिय जनावर गाई नै राख्ने । |
| | राष्ट्रिय जनावर गाई राख्नु हुँदैन । |
| | "राष्ट्रिय जनावर गाई" को सट्टा "राष्ट्रिय जनावर गैंडा" राख्ने । |
| | "राष्ट्रिय जनावर गाई" को सट्टा "राष्ट्रिय जनावर कस्तुरी" राख्ने । |
| | "राष्ट्रिय जनावर गाई" को सट्टा "राष्ट्रिय जनावर रेड पाण्डा" राख्ने । |
| | "राष्ट्रिय जनावर गाई" को सट्टा "राष्ट्रिय जनावर याक" राख्ने । |
| | "राष्ट्रिय जनावर गाई" को सट्टा "राष्ट्रिय जनावर हात्ती" राख्ने । |
| | राष्ट्रिय पोशाक पुरुषको दौरा, सुरुवाल र टोपी तथा महिलाको लागि चौबन्दी चोली, छिटको साडी र पटुकी हुनुपर्ने । |
| | प्रारम्भिक भागमा उल्लेख भएको "जात-जाति" भन्ने शब्दहरुको सट्टा "सम्प्रदाय वा समुदाय" भन्ने राख्ने । |
| | नेपाली भाषा राष्ट्र भाषा नै हुनुपर्ने । |
| | राष्ट्र भाषा अंग्रेजी हुनुपर्ने । |
| | प्रदेश सरकारले आफ्नो सरकारी भाषा, स्थानीय वा मातृभाषा राख्न पाउने व्यवस्था हुनु पर्ने । |
| | धारा १ को उपधारा (२) मा उल्लेख भएको "व्यक्तिको" भन्ने शब्दको सट्टा "नेपालीको" भन्ने शब्द राख्ने । |
| | धारा ४ नेपालीको मौलिक पहिचानको रुपमा रहेको सनातन धर्म विरुद्ध भएकोले खारेज गर्नुपर्ने । |
| | नेपाली सांकेतिक भाषा समावेश गर्नुपर्ने । |
| | संविधानमा नेपालको सिमाना उल्लेख गर्नुपर्ने । |
| | धारा ७ को उपधारा (२) मा प्रादेशिक र सरकारी भाषा नेपाली नै हुनुपर्ने र अंग्रेजी भाषालाई पनि वैकल्पिक भाषाको रुपमा उल्लेख गर्नुपर्ने । |
| | धर्म निरपेक्षको सट्टा बहुधार्मिक/धार्मिक स्वतन्त्रता राख्ने । |
| | भाषा अनुसूचीमा राखिनुपर्ने । |
| | धारा ९ मा उल्लेख भएको राष्ट्रिय झण्डा र राष्ट्रिय गान बाहेकको अरु आवश्यक छैन । |

| | |
|---|---|
| | धर्मको बारेमा संविधानमा कुनै कुरा उल्लेख नगर्ने । |
| | स्थानीय तहमा बहुसंख्यक जनताले बोल्ने एक वा एक भन्दा बढी स्थानीय राष्ट्रभाषा स्थानीय सरकारी कामकाजको भाषा हुने व्यवस्था गर्ने । |
| | राष्ट्रमा वैदिक सनातन आध्यात्मिक भन्ने शब्द थपिनुपर्ने र धारा ५ मा राष्ट्रिय गौरवका विषयवस्तुहरुलाई सम्बोधन गरिनुपर्ने । |
| | राष्ट्रिय जनावरको हत्या गर्नेलाई संविधानमा नै कारवाही हुने व्यवस्था गर्नुपर्ने । |
| | राज्यको कुनै धर्म नहुने भनी उल्लेख गर्नुपर्ने । |
| | राष्ट्रिय खेल समावेश गरिनुपर्ने । |
| | राज्यको परिभाषामा सिमाना र क्षेत्रफल नक्शासहित उल्लेख हुनुपर्ने । |
| | धारा ४ को उपधारा (१) मा वहुजातीय राज्य हो, जसलाई संघीय गणतन्त्र नेपाल र संक्षेपमा नेपाल भनिनेछ बनाउनु पर्ने । |
| | मस्यौदाको अन्तिम भागमा रहेको संक्षिप्त नाम र प्रारम्भलाई प्रारम्भिक भागमा राखिनुपर्ने । |
| | धारा ३ मा राष्ट्रिय स्वतन्त्रताको ठाउँमा राष्ट्रिय स्वाधीनता हुनुपर्ने, अखण्डताको ठाउँमा भौगोलिक अखण्डता बनाउनुपर्ने । |
| | धारा ४ मा संघीय शब्द थपिनु पर्ने जसलाई पछि संघीय गणतन्त्र नेपाल र सक्षेपमा नेपाल भनिनेछ थप्ने । |
| | अनुसूचीमा झण्डाको नमुना पनि राखिनु पर्ने । |
| | धारा ९ मा राष्ट्रिय गान र निशान छाप बनाउनु पर्ने । |
| | सरकारी कामकाजको भाषा बहुभाषिक नीतिमा आधारित हुनुपर्ने ।<br>सबै वर्ग, क्षेत्र, समुदायका प्रतिनिधीले आफ्नो पहिचान झल्कने पहिरन नै राष्ट्रिय पोशाक हुने भएकोले त्यसै अनुसार पोशाक लगाउनु पर्नेछ ।<br>नेपाली मूलको व्याख्या गरिनुपर्ने ।<br>संविधानको हरेक ठाउँमा हिन्दू राष्ट्र भनी लेख्नुपर्ने ।<br>धारा ४ मा बैज्ञानिक समाजबाद उन्मुख थप गर्ने, क्षेत्रफल खुलाउनु पर्ने ।<br>खुला सिमाना नियमित गर्ने । |

# भाग -२

## नागरिकता

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| नागरिकता सम्बन्धी | आमाको नामबाट पनि नागरिकता प्राप्त गर्ने व्यवस्था हुनुपर्ने । |
| | नागरिकता सम्बन्धी व्यवस्था राम्रो छ । |
| | जन्मको आधारमा नागरिकता दिने व्यवस्था गर्नुपर्ने । |
| | आमा वा बाबुको नामबाट नागरिकता दिने व्यवस्था गर्नुपर्ने । |
| | वंशजको आधारमा नागरिकता प्राप्त गर्न बाबु र आमा दुवै नेपाली हुनुपर्ने । |
| | नेपाली महिलाको विदेशी श्रीमान र निजबाट जन्मेको बच्चालाई नागरिकता दिनु हुँदैन । |
| | नेपाली महिलाको विदेशी श्रीमानलाई १५ वर्ष पुगेपछि अंगीकृत नागरिकता दिनुको सट्टा १५ वर्षमा नवीकरण हुँदै जाने अस्थायी बसोबास गर्ने प्रमाणपत्रको व्यवस्था हुनुपर्ने । |
| | अंगीकृत नागरिकताको सट्टा आप्रवासी नागरिकता दिने, ५-६ वर्ष लगातार नेपालमा बसेमा र विदेशी नागरिकता त्यागेको प्रमाण पेश गरे पछि मात्र अंगीकृत नागरिकता दिने व्यवस्था हुनु पर्ने । |
| | बाबुको ठेगान नलागेको तर नेपालमा जन्मेको व्यक्तिलाई वंशजको नागरिकता दिँदा वंशज कसरी निर्धारण गर्ने स्पष्ट हुनुपर्ने । |
| | विदेशमा स्थायी रोजगारी गर्ने नेपालीको नागरिकता खारेज हुने व्यवस्था गर्नुपर्ने । |
| | नेपाली नागरिकसँग विवाह गरेपछि र अर्को देशको नागरिकता त्यागेपछि तत्काल नागरिकता पाउने व्यवस्था गर्नुपर्ने । |
| | बाबु आमा नेपाली हुनपर्ने र कुनै एक विदेशी भए नेपालमा १५ वर्ष बिताएको र विदेशी नागरिकता त्यागेको प्रमाण पेश गरिसकेपछि मात्र नागरिकता दिने व्यवस्था हुनुपर्ने । |
| | अंगीकृत नागरिकता प्राप्त गर्न महिला र पुरुष दुवैलाई समान अधिकार हुनुपर्ने । |
| | विदेशी महिला वा पुरुषलाई वैवाहिक आधारमा नागरिकता दिँदा २० वर्ष अटुट रुपमा नेपालमा कानूनी रुपमा बसेको हुनुपर्ने । |
| | धारा १२ (३) को प्रावधान हटाउनु पर्ने । |
| | आमाको वंश नेपाली र आमा नेपालमा जन्मेकालाई मात्र आमाको नामबाट पनि नागरिकता दिने व्यवस्था गर्नुपर्ने । |
| | आमाको नामबाट नागरिकता दिए बाबु नेपाली नागरिक हुनै पर्ने । |
| | नागरिकता प्राप्तिको विषयमा आमा वा बावुको सट्टा आमा र बावु नै उचित हुने । |
| | धारा १३ को उपधारा (१) र (२) मा रहेका "विदेशी नागरिकता त्याग्ने कारवाही चलाएमा" भन्ने वाक्यांशको सट्टा "विदेशी नागरिकता त्याग्ने कारवाही चलाएको कुरा सो देशले प्रमाणित |

| | |
|---|---|
| | गरेमा" भन्ने वाक्यांश राख्न उपयुक्त हुने । |
| | धारा १० को उपधारा (२) र धारा १३ को उपधारा (१) को प्रावधान हटाउनु पर्ने । |
| | प्रादेशिक पहिचान सहितको नागरिकता नदिने । |
| | गैर आवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने व्यवस्थामा सार्क क्षेत्र भनी व्यवस्था आफैमा दीर्घकालीन देखिएकोले हटाउनुपर्ने । |
| | नागरिकता पाउने प्रावधान अझै कसिलो बनाउनुपर्ने । |
| | धारा १९ मा गैर आवासीय नेपालीको नागरिकताको लागि मुलुक तोक्ने अधिकार नेपाल सरकारलाई दिनुपर्ने । |
| | गैर आवासीय नेपालीलाई राजनैतिक अधिकार दिनुपर्ने । |
| | गैर आवसीय नेपालीलाई नागरिकता लिने व्यवस्था गर्नुपर्ने । |
| | नागरिकताको प्रमाणपत्रमा आमा र बाबु दुवैको नाम कायम गराउने व्यवस्था गर्नुपर्ने । |
| | विदेशी नागरिकसँग विवाह गरी नेपालमै बसोबास गरेका बाट जन्मेका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने व्यवस्था गर्नुपर्ने । |
| | महिलाले विदेशीसँग विवाह गरी निजबाट जन्मेको सन्तानलाई वंशजको नागरिकता होइन अंगीकृत नागरिकता दिनुपर्ने । |
| | कुनै पनि नागरिक दुई देशको नागरिक बाहक हुन नसक्ने व्यवस्था राख्नुपर्ने । |
| | कर नतिर्ने व्यक्तिलाई नागरिकता दिनु हुँदैन । |
| | धारा १२ को उपधारा (१) को खण्ड (क) मा "आमा र बाबुपछि" वंशजको आधारमा थपिनुपर्ने |
| | अङ्गिकृत नागरिकता लिन पाउने समय सबैका लागि दुई वर्ष कायम गर्नुपर्ने । |
| | धारा १३ को उपधारा (१) मा पन्ध्र वर्षको सट्टा ७ वर्ष कायम गर्ने । |
| | धारा १२ को उपधारा (४) को व्यवस्था हटाउने । |
| | नेपाल छाडेर २ वर्षसम्म नर्फकने नेपालीको नागरिकता रद्द हुने व्यवस्था गर्नुपर्ने । |
| | १८ वर्ष पुगेकालाई आर्मी तालिम दिने व्यवस्था गर्नुपर्ने । |
| | गैरआवासियलाई दोहोरो नागरिकता दिने व्यवस्था गर्नुपर्ने । |
| | अङ्गिकृत नागरिकको सन्तानले वंशजको आधारमा नागरिकता पाउनु हुँदैन । |
| | मुख्य प्रशासनिक र राजनीतिक पदमा अङ्गीकृत नागरिक बस्न नपाउने व्यवस्था हुनुपर्ने |
| | प्रदेश र केन्द्र गरी दुई थरी नागरिकताको व्यवस्था गरिनुपर्ने । |
| | धारा २० हटाउनुपर्ने । |
| | अङ्गीकृत नागरिकता प्राप्तिको लागि विदेशी नागरिकता परित्यागको कारवाही चलाएको भन्ने शब्दको सट्टा स्वयं घोषणाको व्यवस्था गर्ने |

| | |
|---|---|
| | धारा १९ मा "नेपाली मुलका" शब्द हटाउनुपर्ने । |
| | धारा १२ को उपधारा (१) हटाउनुपर्ने । |
| | धारा ११ को खण्ड (ग) मा रहेको धारा १२ भन्ने शब्दहरु हटाउनुपर्ने । |
| | धारा १३ को उपधारा (३) हटाउनुपर्ने । जन्मसिद्धको आधारमा नेपाली नागरिकलाई वंशजको नागरिकता दिनुपर्छ । |
| | भारतीय नागरिकलाई पनि नेपाल प्रवेश गर्दा भिसा आवश्यक पर्ने व्यवस्था गर्नुपर्ने । |
| | नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई शुरुमा अस्थायी नागरिकता दिनुपर्ने । |
| | सम्मानार्थ नागरिकता दिने व्यवस्था हटाउनुपर्ने । |
| | वादी र देउकीबाट जन्मिएका सन्तानले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था हुनुपर्ने । |
| | श्रीमानको नागरिकतामा पनि श्रीमतीको नाम उल्लेख हुने व्यवस्था गरिनुपर्ने । |
| | दलित, आदिवासी जनजाति, अपांगता भएका महिला, एकल महिला, मधेशी महिला, मुस्लिम महिला, किशोरी, खस आर्य महिला राज्यको हरेक निकायमा अनिवार्य सहभागिता हुनुपर्ने । |
| | धारा १२ को को उपधारा (४) हटाउनु पर्ने । |
| | नागरिकता पुनः प्राप्तिको लागि ५ वर्षको लागि २ वर्ष बनाउनु पर्ने । |
| | धारा १८ को उपधारा (२) हटाउने । |
| | धारा १९ को गैरआवसीय नागरिकता बारे सुरुमै नागरिकता परित्याग गरी विदेशी नागरिकता प्राप्त गरेको हुनपर्ने । |
| | नेपाली मूलको सट्टा नेपाली पूर्व नागरिक हुनुपर्ने । |
| | आमा वा बाबुको नामबाट नेपाली नागरिकलाई सजिलैसँग नेपाली नागरिकता पाउनुपर्ने ।<br>अस्थाई नागरिकता महिला र पुरुषका लागि बराबर हुनु पर्ने |
| | अंगीकृत नागरिकका सन्तानलाई वंशजको आधारमा नागरिकता दिनुपर्ने । |
| | दोहोरो नागरिकता दिने व्यवस्था गर्न नहुने ।<br>अंगीकृत नागरिकलाई संबैधानिक अङ्ग प्रमुख, सुरक्षा निकाय प्रमुख, राजनैतिक अधिकार दिन नहुने । |

## भाग-३

## मौलिक हक र कर्तव्य

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| मौलिक हक र कर्तव्य सम्बन्धी | धारा ३१ मा रहेको "कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुनेछ" भन्ने व्यवस्था हटाउनुपर्ने । |
| | धारा २३ मा रहेको यौनिक अभिमुखीकरण भन्ने शब्द हटाउने । |
| | बलात्कारी वा भ्रष्ट्राचारी वा अपहरणकारी वा देश द्रोहीलाई मृत्युदण्ड हुने गरी कानुन बनाउन पाउने व्यवस्था हुनुपर्ने । |
| | मौलिक हकको रुपमा क्षतिपूर्तिको हकसमेत हुनुपर्ने । |
| | कुनै व्यक्तिको सम्पत्तिमा निजको शेषपछि मात्र हकवालाको हक हुने व्यवस्था हुनुपर्ने । |
| | पूरा हुन नसक्ने प्रचारबाजी मौलिक हक हटाउनुपर्ने । |
| | स्वेच्छिक मृत्यु बरण गर्न पाउने मौलिक हक हुनुपर्ने । |
| | विपत्तिबाट नि:शुल्क उद्धार हुन पाउने अधिकार मौलिक हकमा समावेश हुनुपर्ने । |
| | संकटकालीन अवस्थामा पनि प्रेस स्वतन्त्रता र अरु मौलिक हक निलम्बन नहुने व्यवस्था हुनुपर्ने । |
| | महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी मौलिक हक सुरक्षित हुनुपर्ने । |
| | राज्यबाट दिने संरक्षणमा एकल महिलालाई पनि दिनुपर्ने । |
| | ४० वर्ष उमेर पुगेका सबै खाले एकल महिला (अविवाहित, विधवा, सम्बन्ध विच्छेद गरेर बसेका, एक्लै बसेका र श्रीमान हराएका)को लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिनुपर्ने । |
| | धार्मिक स्वतन्त्रताको हक हुनुपर्ने । |
| | राज्यबाट प्राप्त हुने सामाजिक सुरक्षामा जातका आधारमा विभेद नगर्ने व्यवस्था गर्नुपर्ने । |
| | जातका आधारमा होइन वर्गका आधारमा विशेष व्यवस्था गर्नुपर्ने । |
| | धारा २४ को उपधारा (२) ले स्वतन्त्रतालाई संकुचित गरेकोले आमसञ्चार माथिको हस्तक्षेप दण्डनीय हुनुपर्ने । |
| | धारा ३८ को उपधारा (१) को बेरोजगार भत्ता पाउने हक हटाउने । |
| | शिक्षा र स्वास्थ्य जनताले नि:शुल्क प्राप्त गर्ने मौलिक हक हुनुपर्ने । |
| | धारा ४० मा उल्लेख भएको स्वास्थ्य सम्बन्धी हकमा "प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने नैसर्गिक हक हुनेछ र कसैलाई पनि स्वास्थ्य सेवाबाट |

| | |
|---|---|
| | वञ्चित गरिने छैन" भन्ने व्यवस्था थप गर्नुपर्ने |
| | आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनुपर्ने । |
| | आदिवासी जनजातिलाई विभिन्न मौलिक हक र आत्मनिर्णयको हक हुनुपर्ने |
| | सुशासन प्राप्त गर्ने सबै नेपालीको मौलिक हक हुनुपर्ने । |
| | सबै नागरिकहरुलाई भूमिको हक हुनुपर्ने |
| | जनप्रतिनिधिहरुलाई प्रत्याह्वन गर्ने मौलिक हकमा राखिनु पर्छ । |
| | वृद्ध व्यक्ति तथा बौद्धिक अपाङ्गता, अशक्तका लागि सहयोगी र आवासको हक हुनुपर्ने । |
| | कुनै पनि क्षेत्रमा आरक्षणको हक र व्यवस्था हुनु हुँदैन । |
| | आरक्षण कोटा १ पटकको लागि मात्र तोकिनुपर्ने । |
| | दलितको हक राख्नु हुँदैन । |
| | हक भन्दा कर्तव्य बढी हुनुपर्ने । |
| | इन्टरनेट पहुँच मौलिक हक हुनुपर्ने । |
| | धारा ३० को उपधारा (५) कृषि जैविक विविधता , संरक्षण सम्बर्द्धन र उपयोग भन्ने शब्दहरु थपी मिलाउनु पर्ने , धारा ४१ मा पोषण शब्द थप गर्ने, धारा ४७ मा नश्ल शब्द थप्ने, धारा ५५ को खण्ड (ङ) को उपखण्ड (३) मा वैज्ञानिक कृषि प्रणाली भन्ने शब्द थप्ने |
| | सांकेतिक भाषा बोल्नेलाई दोभाषे राख्ने र ब्रेहनलिपि सहितको समेतका उपकरण प्राप्त गर्ने व्यवस्था मौलिक हकमा राख्नुपर्ने । |
| | मातृभाषामा सूचना प्राप्त गर्ने हक हुनुपर्ने । |
| | धार्मिक स्वतन्त्रताको हकमा प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार प्रचलित सामाजिक एवं सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अबलम्बन, अभ्यास र संरक्षण गर्ने तथा कुनै धर्मबाट अलग रहने स्वतन्त्रता हुने भन्ने व्यवस्था थप हुनुपर्ने । |
| | मुस्लिम नागरिकको हकको प्रावधान राखी उनीहरुलाई विशेषाधिकार प्रदान गरिनु पर्ने । |
| | धारा ३४ को उपधारा (४) को व्यवस्थामा देशलाई आवश्यक परेको बेलामा सबै व्यक्तिले अनिवार्य सेवा दिनु पर्दछ भन्ने व्यवस्था राख्ने । |
| | रोजगारीको हकमा बेरोजगारीको भत्ताको सट्टा सीपमुलक तालिम दिने कुरा लेखिनुपर्ने । |
| | राज्यका सबै तहका राजनैतिक तथा संबैधानिक नियुक्तिहरुमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुने मौलिक हक हुनु पर्ने । |
| | राज्यका सबै तहका राजनैतिक तथा संबैधानिक नियुक्तिहरुमा आदिवासी जनजाति समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व हुने मौलिक हक हुनु पर्ने । |
| | मौलिक हकमा धर्म परिवर्तन गर्न नपाउने भनी व्यवस्था राखिनुपर्ने । |



५८८७१

| | |
|---|---|
| | धारा ३७ मा कला भाषा र संस्कृति भन्ने व्यवस्था समेत थप गर्ने । |
| | धारा ४८ मा उल्लेख भएको "अशक्त र असहाय" भन्ने शब्दहरु हटाउनुपर्ने । |
| | धारा २३ को उपधारा (३) प्रतिबन्धात्मक वाक्यांशमा "एकल महिला" थप गर्नुपर्ने । |
| | ५०% जनसंख्याको आधारमा महिलाको प्रतिनिधित्व हुने मौलिक हकको व्यवस्था गरिनुपर्ने । |
| | धारा ५१ मा सैनिक ऐनको क्षेत्राधिकार भित्र पर्ने व्यक्तिहरुको मौलिक हकको प्रयोगमा रोक लगाउने गरी संघीय संसदले कानून बनाई लागू गर्न सक्नेछ भन्ने व्यवस्था थप गर्ने । |
| | धारा २३, ३६,४२ को उपधारा (२) र (३), धारा ४४, ४५, र ४७ को उपधारा (२) मा सुकुम्वासीलाई समेत सम्बोधन हुने गरी मौलिक हकको व्यवस्था गर्नु पर्ने । |
| | धारा ५२ मा वातावरण प्राकृतिक स्रोतको दिगो संरक्षण र सम्बर्द्धन गर्नु भन्ने व्यवस्था थप गर्नुपर्ने । |
| | धारा ३६ को उपधारा (१) मा गुणस्तरीय भन्ने शब्द थप गर्नुपर्ने । |
| | धारा ५० मा देश निकाला नगरिने व्यवस्था हुनुपर्ने । |
| | खेलकुदलाई मौलिक हकको रुपमा व्यवस्था गरिनुपर्ने । |
| | धारा १२ को उपधारा (४) मा कानुनमा तोकिएबमोजिम हुनेछ भनी व्यवस्था राखी मिलाउने, धारा १३ को उपधारा (१) को परित्याग गर्न कारवाही चलाएमा को सट्टा परित्याग गरेपछि भन्ने राख्ने, धारा १९ मा नेपाली मुलको व्यक्तिलाई को सट्टा ३ पुस्ता भित्र नेपालको नागरिक भएका नेपाली मुलका व्यक्तिहरुलाई राख्ने । |
| | धारा ३७ मा लोपोन्मुख भाषाको संरक्षण गर्ने व्यवस्था राखिनुपर्ने । |
| | अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै मौलिक हकको व्यवस्था गरी राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्व हुनपर्ने । |
| | ३१ वटा मौलिक हक राज्यको क्षमताभन्दा बढी भएकोले घटाउनुपर्ने । |
| | मौलिक हकमा योगा तथा नैतिक शिक्षा थप गर्नुपर्ने । |
| | निःशुल्क उच्च शिक्षाको व्यवस्था हुनुपर्ने । |
| | गम्भीर प्रकृतिको अपराधमा भूतप्रवाही कानून बनाउन र सजाय गर्न सकिने गरी व्यवस्था गर्नुपर्ने । |
| | जनताले विद्रोह गर्न पाउनुपर्ने हक सुनिश्चित गर्नुपर्ने । |
| | धारा २३ को उपधारा (३) मा प्रतिबन्धात्मक वाक्यांशमा राना (थरुवा), खुना सुनाहा जातिलाई पनि समेट्नुपर्ने । |
| | मातृभाषामा मुद्दाको अनुसन्धान, तहकिकात र बहस पैरवी गर्न पाउने हकको व्यवस्था गर्नुपर्ने । |
| | मौलिक हकमा सम्पत्तिमा सीमा तोकिनुपर्ने । |

| | |
|---|---|
| | हलिया, कमैया, कमलरीको रोजगारीको अधिकार सुनिश्चित गरिनुपर्ने । |
| | धारा २८ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख गरेको "शत्रु राज्य" भन्ने शब्द हटाउनु पर्ने । |
| | राज्यका सबै अंगमा सबै वर्गको समानुपातिक प्रतिनिधित्व नहुन्जेलसम्म आरक्षणको व्यवस्था कायम राख्नु पर्ने । |
| | प्रत्येक श्रमिकले कानून बमोजिम हड्ताल गर्न पाउने हक सम्बन्धी व्यवस्था गर्नुपर्ने । |
| | धारा ४७ मा जातीय जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व र रोजगारीको हक हुने व्यवस्था गर्नुपर्ने । |
| | धारा ४७ मा सामाजिक पछि आर्थिक, शैक्षिक र राजनीतिक रुपले पछाडि पारिएका भन्ने शब्दहरु थप गर्नुपर्ने । |
| | धारा ४७ मा थारुको अगाडि आदिवासी थारु लेख्नुपर्ने । |
| | धारा ४७ को उपधारा (१) मा अपाङ्गता शब्द थप्नुपर्ने । |
| | सम्पत्तिको हकमा प्रत्येक नागरिक, समूह वा समूदाय वा संगठित संस्थालाई प्रतलित कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, वेचविखन, व्यवसायिक लाभ प्राप्त गर्ने र अन्य कारोवार गर्ने हकं हुनेछ । |
| | सम्पत्तिको हकमा आदिवासी जनजातिहरुले परापूर्वकालदेखि भोगी चलन गरी आएका भूमि तथा प्राकृतिक स्रोत साधन माथि उनीहरुको हक हुनेछ । |
| | सम्पत्तिको हकमा आदिवासी जनजातिहरुको प्रथाजनित कानून र त्यसमा आधारित भूमि प्रशासन तथा परम्परागत न्याय प्रणालीलाई कानूनी मान्यता दिइनेछ भनी थप गर्ने । |
| | अंग प्रत्यारोपण गरी बाँच्न पाउने मौलिक हक हुनुपर्ने । |
| | विदेशमा बस्ने नेपालीलाई मतदानको अधिकार दिनुनपर्ने । |
| | महिला विरुद्ध हुने लैगिंक भेदभाव हटाउनुपर्ने । |
| | प्रत्येक व्यक्तिलाई कानूनको अधिनमा रही विवाह गर्न पाउने तथा सम्बन्ध विच्छेद गर्न पाउने स्वतन्त्रता हुने परिवार सम्बन्धी हक थप्नुपर्ने । |
| | विवाह गर्ने पक्षको इच्छा विपरीत वा पूर्ण र स्वतन्त्र सहमति विना विवाह गर्न पाउने छैन । |
| | धारा ५८ को अनुगमन सम्बनधी व्यवस्थामा "अनुगमन" पछि "र मूल्यांकन" थप गर्नुपर्ने । |
| | भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने भनिएकोमा वास्तविक मोही किसानको हक स्थापित गर्दै दोहोरो स्वामित्व अन्त्य गर्ने व्यवस्था गर्नुपर्ने । |
| | धार्मिक स्वतन्त्रताको हक अर्न्तगत गुठी संचालन र संरक्षणका सन्दर्भमा मोही किसानहरुले जोत भोग गर्दै आएको गुठी जग्गामा किसानका हक स्थापित गर्न बाधा नपुग्ने व्यवस्था थप गरिनुपर्ने । |
| | धारा ४७ उपधारा (१) मा राना थरुवा थप्नुपर्ने । |
| | धार्मिक स्वतन्त्रताः धर्म परिवर्तन गर्ने कुनै पनि व्यक्तिलाई राज्यले दिने आरक्षण वा अन्य |

| | |
|---|---|
| | सुविधाबाट बन्चित गराउने व्यवस्था गर्ने । |
| | दशनामीलाई अल्पसंख्यक जातिमा राख्नु पर्ने । |
| | नेपालीको मौलिक चिकित्सा पद्धति आयुर्वेदलाई मौलिक हकमा स्थान दिनुपर्ने । |
| | महिला कर्मचारीको नोकरीबाट अवकाशको उमेरको हद ६५ वर्ष कायम गर्नु पर्ने । |
| | मधेशी समुदायलाई पनि आदिवासी जनजाति जस्तै पहिचान सहितको सम्मानपूर्वक बाच्न पाउने अधिकार सुनिश्चित हुनुपर्ने । |
| | मारवाडी, सिख(पञ्जावी), बंगाली, देव लगायतका अल्पसंख्यकलाई पहिचानसहित सम्मान पूर्वक बाच्न पाउने अधिकार सुनिश्चित हुनुपर्ने । |
| | धारा ४७ मा रहेको खस आर्य भन्ने शब्द हटाउनु पर्ने । |
| | थारु जातिको साँस्कृतिक प्रथा, परम्परा र संरचनालाई कानुनी मान्यता दिनुपर्ने । |
| | स्वदेशमै रोजगारीको व्यवस्था ग्यारेन्टी हुनुपर्ने र विदेशमा रोजगारीका लागि बाद्यात्मक रुपमा जानुपर्ने व्यवस्थाको अन्त्य गरिनुपर्ने । |
| | भूमि व्यक्तिको मौलिक अधिकारमा नराखि राष्ट्रको अधिनमा राखिनुपर्ने । |
| | धारा २४ उपधारा (१) र (२) को प्रतिबन्धात्मक बाक्यांश हटाउने । |
| | मधेशी, दलित, थारु, पिछडिएका वर्ग र क्षेत्रको नागरिकहरुलाई विशेषाधिकार सहितको संवैधानिक अंग, निजामती, सेना, प्रहरी लगायत राज्यका सबै निकाय र क्षेत्रमा समानुपातिक समावेशी हक हुनेछ । |
| | जातीय छुवाछुत तथा भेदभावजन्य कार्य मानवता विरुद्ध तथा राज्य विरुद्धको कार्य हुने भन्ने व्यवस्था थप गर्नुपर्ने । |
| | धारा २१ मा लिंग पहिचान गरी भ्रुण हत्या गर्न नपाउने व्यवस्था थप गर्नुपर्ने । |
| | मौलिक हकको विशेष व्यवस्थामा मुस्लिम शब्द राख्नुपर्ने ।<br>राज्यको निर्देशक सिद्धान्तमा एकल महिला, मधेसी, मुस्लिम थप गर्नुपर्ने ।<br>दलितलाई क्षेतिपूर्ति सहित समानपातिक समावेशी हुने गरी सरकारी सेवामा प्रवेश गराउनुपर्ने ।<br>सामुदायिक सम्पतिको हक राखिनुपर्ने ।<br>विकासको हक राखिनुपर्ने ।<br>छोरा/छोरीको सम्पत्तिमा बाबु आमाको हक पनि कायम गरियोस् ।<br>एक पटक नेपाली नागरिकता त्यागेकोलाई पुनः नागरिकता नदिने । |

| | |
|---|---|
| | भाग ३ धारा ३४ को उपधारा (१) मा शोषणको परिभाषा गर्ने ।<br><br>धारा ३८ को उपधारा (१) कानुन बमोजिम बाहेक कसैको रोजगारी अन्त्य नहुने कुराको ग्यारेन्टी गर्ने धारा ३९ को उपधारा (२) सामाजिक सुरक्षाको परिभाषा गरिनुपर्ने ।<br><br>धारा ५२ मा खण्ढ (घ) थप्ने, नागरिक कर्तव्यमा राख्ने ।<br><br>भाग ३ धारा २३ को उपधारा (३) को दोस्रो अनुच्छेदमा मजदुर सट्टा श्रमिक शब्द राखिनुपर्ने ।<br><br>धारा ३९ को उपधारा (४) मा थप्ने प्रत्येक श्रमिकलाई कानुन बमोजिम हडताल गर्न पाउने हक हुनेछ ।<br><br>धारा ४७ को उपधारा (१) को तेस्रो लाइनमा मजदुर सट्टा श्रमिक शब्द राखिनुपर्ने ।<br><br>नैतिक शिक्षा र तालिका अनिवार्य गर्नुपर्ने । |

## भाग-४

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

| विषय | राय,सुझाव, प्रतिक्रिया |
|---|---|
| राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी | राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व राम्रो छ । |
| | राज्यका प्रमुख उद्देश्य उल्लेख हुनु पर्ने । |
| | कृषि जैविक विविधताको संरक्षण गर्ने व्यवस्था राख्नु पर्ने । |
| | कृषि र भूमिसुधार सम्बन्धी नीतिमा स्थानीय बीउबीजन र नश्लको सुधार र संरक्षण गर्ने, पशु कल्याणको अवधारणालाई ध्यानमा राखी पशुपंक्षी पालन गर्ने तथा कृषि सुधार गर्ने भन्ने प्रावधान थप हुनुपर्ने । |
| | प्राकृतिक श्रोत साधनको संरक्षण संवर्द्धन सम्बन्धी नीतिमा प्राणी जगतमा विद्यमान विभिन्न किसिमका अनुचित, क्रुर एवम् यातनायुक्त व्यवहारको निराकरण गर्ने भन्ने प्रावधान थप गर्ने । |
| | धारा ५५ को खण्ड (छ) मा उल्लेख भएको विषयको सम्बन्धमा वन क्षेत्र किटान गर्ने कार्य विज्ञबाट समय समयमा हुन सक्ने हुँदा संविधानमा प्रतिशत किटान गर्ने व्यवस्था नराख्ने । |
| | धारा ५५ को खण्ड (छ) मा उल्लेख भएको विषयको सम्बन्धमा परिवार नियोजन सम्बनधी भएको व्यवस्था संविधानमा राख्न नहुने । |
| | धारा ५५ को खण्ड (क) को उपखण्ड (५) मा नेपालको राष्ट्रिय सुरक्षा नीतिको आधारमा नेपाली सेनालाई सबल, सुदृढ, सक्षम र व्यावसायिक बनाउने भन्ने व्यवस्था थप गर्नुपर्ने । |

| | |
|---|---|
| | देशमा उपलब्ध प्राकृतिक श्रोत र साधनमा स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिने तथा तराई मधेशलाई मरुभूमीकरण हुनबाट रोक्ने गरी नीतिमा व्यवस्था गर्नुपर्ने । |
| | मुस्लिम समुदायका लाीग विशेष आर्थिक सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा सो समुदायभित्र विपन्न वर्गको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि अवसर तथा लाभका व्यवस्था गर्ने भनी धारा ५५ मा थप व्यवस्था गर्ने । |
| | धारा ५६ मा उल्लेख भएको "क्रमश कार्यान्वयन गर्दे जाने राज्यको दायित्व हुनेछ" भन्ने शब्दहरुको सट्टा "कार्यान्वयन गर्ने राज्यको दायित्व हुनेछ" भन्ने शब्दावली राख्ने । |
| | धारा ५९ को व्यवस्था सरकारलाई उत्तरदायी बनाउन हटाउनु पर्ने । |
| | धारा ५५ को खण्ड (छ) मा "आर्थिक क्षेत्रलाई प्रतिष्पर्धी र नीजिक्षेत्र प्रोत्साहन गर्ने" भन्ने नीति थप हुनु पर्ने । |
| | धारा ५५ को खण्ड (ढ) पछि चलचित्र नीतिको व्यवस्था राखिनु पर्ने । |
| | धारा ५५ को (ठ) मा पर्यटन उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रुपमा व्यवस्था गर्नुपर्ने । |
| | धारा ५५ खण्ड (घ) मा निजी लगानीका उद्योगलाई राष्ट्रियकरण गर्न नपाइने भन्ने व्यवस्था थप गर्नुपर्ने । |
| | शिक्षा नीतिको व्यवस्था थप हुनुपर्ने ।<br>धारा ५५ खण्ड (झ) ७ थप्ने, मुलकभित्र जुनसुकै रहेका श्रमिकलाई निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकारबाट बन्चित गरिने छैन |
| | सहकारी सम्बन्धी व्यवस्था थप हुनुपर्ने । |
| | अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्ने र योजनाबद्ध र व्यवस्थित बस्ती विकासको लागि आवास सहकारीलाई प्राथमिकता दिने थप गर्नुपर्ने । |
| | कृषिको व्यवसायीकरण र औद्योगीकरण गर्नुपर्ने । |
| | द्वन्द्व तथा गम्भीर मानव अधिकार हनन सम्बन्धी पीडित सरोकारवालाका विषयहरु थप गर्नुपर्ने । |
| | जनस्वास्थ्य प्रवर्द्धनका विषयहरु समेत समेटिनुपर्ने । |
| | समानता र अविभेदको सिद्धान्त र मान्यता अनुरुप सबै प्रकारका सामाजिक सांस्कृतिक विभेद अन्त्य गर्नुपर्ने । |
| | किसानको बौद्धिक सम्पत्तिको अधिकारको व्यवस्था हुनुपर्ने । |
| | ज्योतिषशास्त्रको विकास सम्बन्धी नीति थप हुनुपर्ने । |
| | भू.पू. सैनिक (ब्रिटिश गोर्खा सैनिक, भारतीय गोर्खा सैनिक समेत) र भू.पू. कर्मचारीहरुको अधिकार सुनिश्चित हुने गरी नीतिमा व्यवस्था गर्नुपर्ने । |
| | नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरुको कार्यान्वयन सम्बन्धी नीति थप गर्नुपर्ने । |

| | |
|---|---|
| | लोपोन्मुख भाषा संस्कृतिलाई विशेष संयन्त्रको व्यवस्था गरी संरक्षणको नीति बनाउनुपर्ने । |
| | कलाकार सम्बन्धी नीतिको व्यवस्था गर्नुपर्ने । |
| | धारा ३१ को उपधारा (१) मा उल्लेख भएको "व्यक्ति" पछि "र समुदाय" भन्ने शब्दहरु थप गर्नुपर्ने । |
| | श्रम र रोजगार सम्बन्धी नीतिमा मुलुकभित्र जुनसुकै क्षेत्रमा श्रमिकहरुले उम्मेदवारी दिन र मतदान दिन पाउने व्यवस्था गरिनुपर्ने । |
| | राज्यको परिभाषामा सिमाना र क्षेत्रफल नक्शासहित उल्लेख हुनुपर्ने |
| | दशनामीलाई अल्पसंख्यक जातीमा राख्ने |
| | राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दललाई प्राप्त मत प्रतिशतको आधारमा दल संचालन खर्चको व्यवस्था हुनुपर्ने |
| | पूर्व पश्चिम प्रदेश हुनुपर्ने । |
| | धारा ५४ को उपधारा (१), गणतन्त्रामक व्यवस्था स्थापना गर्ने भन्ने स्थानमा समानुपातिक समावेशी, संघीय गणतन्त्रात्मक व्यवस्था सदृढ गर्ने भन्ने शब्द राख्नुपर्ने । |
| | अपाङ्गता भएका व्यक्तिहरुले राष्ट्रिय संरक्षण पाउने हक हुनुपर्ने । |
| | खेलकुदलाई जनताको जीवन, राष्ट्रको विकास र विशेष गरी पर्यटन विकासको आधारको रुपमा विकास गर्नु राज्यको जिम्मेवारी हुने । |
| | धारा ३१ को उपधारा (२) मा प्रतिबन्धात्मक वाक्य थप गर्नुपर्ने "तर गुठीको मूलभुत मान्यतामा प्रतिकुल असर नपर्ने गरी गुठी सञ्चालनार्थ कानून बमोजिम सम्पत्तिको समुचित व्यवस्था गर्न र व्यवसायिक लाभ प्राप्त गर्न यसले बाधा पुऱ्याएको मानिने छैन ।"<br><br>धारा ५५ खण्ड (ङ) मा ६ पछि ७ नं. थप गर्नुपर्ने: "गुठी जग्गा जोत भोग गरिआएका किसानलाई कानून बमोजिम जग्गा उपलब्ध गराउने ।"<br><br>धारा ५८ मा अनुगमनको अगाडि मुल्याङ्कन थप्नुपर्ने ।<br><br>अल्पसंख्यक समुदायमा राजवंशी थप्नुपर्ने ।<br><br>ज्योतिशास्त्रलाई राज्यले संरक्षण, संद्धन र विकास गरिनुपर्ने दायित्वमा थप गरिनुपर्ने ।<br><br>योगदानमा आधारित सामाजिक सुरक्षाको हक थप गर्ने ।<br><br>देशको भू-अखण्डता र सीमा तथा सम्पत्ति सुरक्षाको निम्ति हरेक नागरिक स्वयम्सेवक हुन सदा तत्पर रहने,<br><br>टुहुरा-टुहुरी, अशक्त, विधवा र जेष्ठ तथा असहाय नागरिकहरुको सेवामा सहयोग गर्ने । |

## भाग-५

## राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड

| विषय | राय,सुझाव, प्रतिक्रिया |
|---|---|
| राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी | संघीयता सम्बन्धी व्यवस्था राम्रो छ । |
| | संघीय व्यवस्था आवश्यक छैन । |
| | संघियताको विषयमा जनमत संगह पछि मात्रै उपयुक्त संवैधानिक व्यवस्था गर्ने । |
| | एकात्मक राज्यको व्यवस्था हुनुपर्ने । |
| | प्रदेशको संख्या घटाउनुपर्ने (३, ४, ५, ६, ७ प्रदेश हुनुपर्छ ।) । |
| | संघीयता, प्रदेशको नामाकरण र सिमांकन सम्बन्धमा जनमत संग्रह गर्नुपर्ने । |
| | प्रदेशको सीमांकन र नामांकन संविधानसभाबाट नै निर्धारण गरिनुपर्ने । |
| | राज्य बनाउँदा हिमाल, पहाड र तराई मिश्रीत भएको संघीय राज्य बनाउनु पर्छ । |
| | हाल कायम ५ विकासक्षेत्र वा मुख्य ५ नदी वा हिमाल वा देवस्थलको नामका आधारमा संघीयताको नामकरण हुनुपर्छ । |
| | प्रदेशहरुको नाम कुनै स्थान, खोलानाला, धार्मिक स्थान कुन कुराले धेरै परिचित छ त्यहि अनुसारको राख्नु पर्दछ । |
| | प्रदेशको नामाकरण भूगोलको आधारमा हुनुपर्छ । |
| | पहिचानसहितको समावेशी संघीयता हुनुहुदैन । |
| | जातीय आधारमा प्रदेशको नामकरण हुनुहुदैन । |
| | जातीय आधारमा प्रदेशको नामकरण हुनुपर्ने । |
| | अखण्ड सुदूरपश्चिम कायम गर्नु पर्ने । |
| | तराई मधेशमा दुई वा तीन प्रदेश हुनुपर्ने । |
| | हिमाल एक प्रदेश तराई एक प्रदेश हुनुपर्ने । |
| | संघात्मक भन्दा विकेन्द्रीकरणको नीतिको व्यवस्था हुनुपर्ने । |
| | कर्णालीलाई छुट्टै प्रदेश बनाउनु पर्ने । |
| | धारा ६० को उपधारा (३) मा “आठ प्रदेश अगाडि अनुसुचि अनुसारका आठ प्रदेश रहनेछ” भन्ने राख्ने । उपधारा ४ र ५ हटाउने तथा उपधारा ६ को जिल्लासभा हटाउने राज्य संरचना पहिचानका ५ आधार र सामार्थ्य ४ आधारमा आधारित भइ गरिनु पर्छ भन्ने छुटेको छ थप्नुपर्ने |

| | |
|---|---|
| | धारा ६० मा पश्चिम कञ्चनपुरदेखि पूर्व चितवनसम्म थारुवान/थरुहट स्वायत्त प्रदेश बनाउने । |
| | प्रदेश संख्या थोरै र प्राकृतिक सम्पदाको नाउमा नामाकरण गर्ने । |
| | राज्यको स्वरुप  ८ भन्दा बढी १४ प्रदेश हुनुपर्ने । |
| | आत्मनिर्णयको अधिकार प्रदेशलाई दिइने छैन भनी उल्लेख गर्नुपर्ने । |
| | प्रदेशहरुलाई आत्मनिर्णयको अधिकार हुनुपर्ने । |
| | जातीय पहिचान सहितको मगरात स्वायत्त प्रदेश हुनुपर्ने । |
| | स्वायत्त क्षेत्रको व्यवस्था गरिनुपर्ने । |
| | संघीय राज्य भएपछि कर्मचारी व्यवस्थापनको व्यवस्था मस्यौदामा नरहेकोले कर्मचारी व्यवस्थापन सम्बन्धी विषय थप गर्नुपर्ने । |
| | प्रदेशिक संरचना अतिरिक्त स्वायत्त क्षेत्र विशेष क्षेत्र र संरक्षित क्षेत्र आदि विशेष संरचना गर्नुपर्ने । |
| | प्रदेश पूर्व पश्चिम हुनुपर्ने । |
| | धारा ६० को उपधारा ६, विशेष क्षेत्रको संरचना संविधान सँगै लागु गर्नुपर्ने । |
| | विशेष संरचना भन्नाले प्रदेशभित्र स्थापना गरिने, स्वायत्तक्षेत्र, विशेषक्षेत्र, संरक्षित क्षेत्र सम्झनुपर्ने । |
| | प्रदेशमा स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रको व्यवस्था गर्नुपर्ने । |
| | धारा ६३ को उपधारा (६) मा प्रदेश सरकारले वैदेशिक ऋण लिँदा संघीय सरकारको अनुमति लिनुपर्ने तथा अनुदान/सहयोग लिँदा जानकारी मात्रै गराउनुपर्ने व्यवस्था हुनुपर्ने । |
| | लुम्बिनी बुद्ध प्रदेश हुनुपर्ने । |
| | बाजुरा जिल्लाको उत्तर पूर्वी क्षेत्र (कर्णाली नदी किनार) लाई समावेश गरी कर्णाली प्रान्त वा मध्यपश्चिम क्षेत्रको प्रान्तीय क्षेत्र बनाउने व्यवस्था गर्ने । |
| | कैलाली र कञ्चनपुर जिल्ला सहितको थारुवान/थरुहट प्रदेश कायम गर्नुपर्ने । |
| | जातीय बसोवासको आधारमा प्रदेशको सिमांकन गर्नुपर्ने । |
| | जनसंख्याको आधारमा प्रदेशको सिमांकन गर्ने, संघीय संसदमा प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने ।<br>तराई र पहाडमा चार चार प्रदेशको व्यवस्था हुनुपर्ने ।<br>जातिय तथा जनसंख्याको आधारमा प्रदेशको सिमाङ्कन गरिनुपर्ने । |

| | |
|---|---|
| | कैलाली र कञ्चनपुरलाई थारुहट वा थारुवान प्रदेश बनाउनुपर्ने ।<br><br>लुम्बिनी अञ्चलमा रोल्पा, रुकुम थपेर लुम्बिनी प्रदेश बनाउनुपर्ने।<br><br>प्रदेशमा समेत आयोग राखिनुपर्ने ।<br><br>प्रदेश प्रहरी राखिनुपर्ने ।<br><br>प्रदेश बनाउँदा जिल्लालाई नटुक्राउने ।<br><br>अरुण पूर्वको ९ जिल्ला लिम्बूवान प्रदेश भनी राखिनुपर्ने ।<br><br>सिन्धुली, रामेछाप, दोलखा, ओखलढुंगा, सोलुखुम्बु, खोटाङ्ग र उदयपुरको छुट्टै प्रदेश बनाउनुपर्ने ।<br><br>लिम्बुवान राज्य हुनुपर्ने ।<br><br>किसान र मजदुरको प्रतिनिधित्वको लागि छुट्टै ल्कस्टर बनाएर प्रतिनिधीसभा, प्रादेशिक सभा र गाउँपालिका, नगरपालिका पनि व्यवस्था गर्नुपर्ने ।<br><br>स्थानीय सेवा आयोगको व्यवस्था हुनुपर्ने ।<br><br>एकल पुरुष पनि थपिनुपर्ने ।<br><br>गोरखा, लमजुङ, कास्की लगायतको जिल्लामा तमुवान स्वायत्तता सहितको प्रदेश उठेकोले थप गर्नुपर्ने ।<br><br>प्रदेशिक व्यवस्थापिकामा ४० प्रतिशत महिलाको सहभागिता रहनुपर्ने ।<br><br>सेती महाकाली, भेरी कर्णाली, मगरात, थारुवान, तमुवान, भोजपुर, लिम्बुवान, मिथिला, ताम्सालिङ्ग, नेवा, कोचिला, गैह भौगोलिक दलित प्रदेश, अबध प्रदेश हुनुपर्ने ।<br><br>चितवन देखि कञ्चनपुरसम्म थरुहट राज्य हुनुपर्ने ।<br><br>१० राज्यको व्यवस्था हुनुपर्दछ । |

## भाग-६

## राष्ट्रपति र उपराष्ट«पति

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| राष्ट«पति र उपराष्ट«पति सम्बन्धी | संसदबाट निर्वाचित राष्ट्रपति हुनुपर्ने ।<br><br>आलंकारिक राष्ट्रपति हुनुपर्ने ।<br><br>प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था हुनुपर्ने । |
| | प्रत्यक्ष निर्वाचित कार्यकारी अधिकार सहितको राष्ट्रपतिको व्यवस्था हुनुपर्ने । |

| | |
|---|---|
| | राष्ट«पतिको व्यवस्था नराख्ने । |
| | गोलाप्रथाबाट राष्ट्रपति चुन्ने व्यवस्था राख्न नहुने । |
| | राष्ट्रपति र उपराष्ट्रपति दुई विपरीत लिङ्ग र जातको हुनुपर्ने व्यवस्था गर्ने । |
| | राष्ट्रपति नभनी राष्ट्राध्यक्ष हुनुपर्ने । |
| | राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल र पटकको अवधि निर्धारण गरिनुपर्ने । |
| | एक कार्यकालका लागि मात्र एउटा व्यक्ति राष्ट्रपति हुनुपर्ने । |
| | राष्ट्रपति र उपराष्ट्रपतिको उमेरको हद तोकिनु पर्ने । |
| | राष्ट्रपति वा उपराष्ट्रपति एक जना महिला हुनुपर्ने । |
| | संघीय संसदका तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तीमा एक तिहाई सदस्यले राखेको महाअभियोगको प्रस्ताव पारित भएमा राष्ट्रपति पद मुक्त हुने व्यवस्था राख्ने । |
| | राष्ट्रपति वा उपराष्ट्रपति नेपाली वंशज नागरिक मात्र हुने व्यवस्था गर्ने । |
| | उपराष्ट«पतिको व्यवस्था नराख्ने व्यवस्था गर्ने । |
| | उपराष्ट्रपति राष्ट्रसभाको अध्यक्ष हुने व्यवस्था गर्ने । |
| | राष्ट्रपति, उपराष्ट्रपतिको लागि शैक्षिक योग्यता तोकिनु पर्ने । |
| | संघीय प्रतिनिधि सभाको सभामुखमा निर्वाचित व्यक्ति स्वत उपराष्ट्रपति हुने व्यवस्था गरिनुपर्ने । |
| | अन्तराष्ट्रिय फौजदारी अपराधको हकमा राष्ट्रपतिले माफी तथा सजाय कम गर्न नसक्ने प्रावधान राख्नु पर्ने । |
| | कार्यकारी राष्ट्रपति भए प्रधानमन्त्री नराख्ने, प्रधानमन्त्री कार्यकारी भए राष्ट्रपति नराख्ने । |
| | राष्ट्रपतिले सभामुख मार्फत संसदमा राजिनामा दिन सक्ने व्यवस्था राख्ने । |
| | राष्ट्रपति र उपराष्ट्रपतिको सट्टामा संवैधानिक राजतन्त्र हुने व्यवस्था राख्ने । |
| | राष्ट्रपति र उपराष्ट्रपतिमा महिला पुरुष आलोपालो गरी हुनुपर्ने व्यवस्था गर्ने । |
| | राष्ट्रपति तथा उपराष्ट्रपतिको शपथ सार्वजनिक समारोहमा गर्नुपर्ने । |
| | संसदीय व्यवस्था अन्तर्गत संसदबाट निर्वाचित प्रधानमन्त्री नै कार्यकारी प्रमुख हुनुपर्ने । |
| | संघीय संसद दुईसदनात्मक हुनुपर्ने ।<br>उम्मेदवारको उमेर १८ वर्ष हुनुपर्ने ।<br>राष्ट्रपति उपराष्ट्रपति चक्रिय प्रणालीमा गरिनुपर्ने ।<br>राष्ट्रका उच्च पदहरुमा महिला पुरुष चक्रिय प्रणालीद्वारा हुनुपर्ने । |

| | |
|---|---|
| | राष्ट्रपतिको निर्वाचन सम्बन्धि व्यवस्थामा निर्वाचनमण्डल, व्यवस्थापिका संसद, विधानसभा र स्थानीय निकायहरुका प्रमुख र उपप्रमुख पनि समावेश गरिनुपर्ने । |

## भाग-७

## संघीय कार्यपालिका

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| संघीय कार्यपालिका सम्बन्धी | प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गर्ने । |
| | संसदबाट निर्वाचित कार्यकारी अधिकार सहितको प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने । |
| | कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचनबाट चयन हुने व्यवस्था गर्ने । |
| | प्रधानमन्त्रीको कार्यकाल र पटकको अवधि निर्धारण हुने व्यवस्था गर्ने । |
| | कुनै पनि व्यक्ति एक पटक वा दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था गर्ने । |
| | प्रधानमन्त्री र मन्त्रीको लागि शैक्षिक योग्यता निर्धारण हुनुपर्ने । |
| | प्रत्यक्ष निर्वाचित सभासद् मात्र प्रधानमन्त्री वा मन्त्री बन्न पाउने व्यवस्था गर्ने । |
| | प्रधानमन्त्रीको बन्ने भन्ने पार्टीले चुनाव अघि नै घोषणा गर्नु पर्ने व्यवस्था गर्ने । |
| | उपप्रधान मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री नरहने व्यवस्था गर्ने । |
| | सांसदहरु मन्त्री हुन नपाउने व्यवस्था गर्ने । |
| | सांसद सदस्य भन्दा बाहिरका विज्ञलाई मन्त्री बनाउन सक्ने व्यवस्था गर्ने । |
| | १५ सदस्यीय भन्दा बढी मन्त्रिमण्डल नबन्ने व्यवस्था गर्ने । |
| | प्रधानमन्त्री वा उप प्रधानमन्त्री एक जना महिला हुने व्यवस्था व्यवस्था गर्ने । |
| | मन्त्रिमण्डलमा महिलाको ३३% समानुपातिक प्रतिनीधित्व हुने व्यवस्था गर्ने । |
| | प्रधानमन्त्री वा मन्त्रीको उमेरको हद तोकिनु पर्ने । |
| | प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको लागि जनमत संग्रह गर्नुपर्ने । |
| | निर्वाचनमा सम्पूर्ण उम्मेदवारलाई अस्वीकार गर्ने र प्रधानमन्त्री, मन्त्री लगायतका जनप्रतिनिधिलाई फिर्ता बोलाउने जनताको अधिकार रहने व्यवस्था गर्ने । |
| | धारा ८५ को उपधारा (२) मा संशोधन गरी अदालतमा प्रश्न उठाउन पाउने व्यवस्था गर्ने । |
| | एउटै व्यक्ति २ पटकभन्दा बढी प्रधानमन्त्री हुन नपाउने व्यवस्था र उमेरको हद तोक्ने व्यवस्था गर्ने । |

| | |
|---|---|
| | प्रधानमन्त्री राष्ट्रपतिको मातहतमा रही प्रतिनिधिसभामा जवाफदेही हुने व्यवस्था गर्नुपर्ने । |
| | धारा ८१ को उपधारा (२) र (३) को प्रावधान नराख्ने । |
| | निर्वाचित नभएको वा मनोनित व्यक्तिलाई मन्त्री नबनाउने प्रावधान राख्नुपर्ने । |
| | एक कार्यकालमा एक पटकमात्र अविश्वासको प्रस्ताव दर्ता गर्न मिल्ने प्रावधान राख्नुपर्ने । |
| | मन्त्रिमण्डल सानो हुनुपर्ने । |
| | दुई वर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाउने व्यवस्था गर्नुपर्ने । |
| | धारा ७९ को उपधारा (९) संशोधन गरी राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय सांसदका सदस्य मध्येबाट जनसंख्यको आधारमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम बढीमा २५ जना मन्त्री रहेको मन्त्री परिषद् गठन गर्नेछ भनी स्पष्ट लेख्नु पर्ने । |
| | संघीय कार्यपालिका अन्तर्गत संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री हुनु पर्ने । |
| | संसदबाट निर्वाचित प्रधानमन्त्री हुनुपर्ने ।<br>राष्ट्रिय सभा हटाउनुपर्ने ।<br>जनताले फिर्ता बोलाउनुपर्ने अधिकार हुनुपर्ने । |

## भाग -८
## संघीय व्यवस्थापिका

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| संघीय व्यवस्थापिका सम्बन्धी | सबै सभासदहरुको न्यूनतम शैक्षिक योग्यताको व्यवस्था हुनुपर्ने ।<br>संसदीय व्यवस्था राख्नुपर्ने । |
| | संसदको संख्या बढी भयो, कम गर्नु पर्ने । |
| | संघीय व्यवस्थापिकाको दुवै सदनको सभासद संख्या २०५ देखि २५० सम्म मात्र हुनु पर्ने । |
| | प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी जम्मा सांसद १५१ जना मात्र रहने व्यवस्था हुनु पर्ने । |
| | पूर्व राष्ट्रसेवक वर्गबाट पनि निश्चित संख्यामा राष्ट्रिय सभाको सदस्यमा मनोनयनको व्यवस्था हुनु पर्ने । |
| | सांसद संख्या जनसंख्याको ०.०००५ प्रतिशत मात्र हुने व्यवस्था हुनु पर्ने । |
| | प्रत्येक प्रदेशबाट तीन-तीन जना सदस्यहरु निर्वाचन भई राष्ट्रियसभाको गठन हुनेछ, भनी उल्लेख गर्नुपर्ने । |
| | सांसदको उमेरको हद र कार्यकालको सीमाको व्यवस्था हुनु पर्ने । |
| | सबै तहमा प्रत्यक्ष निर्वाचन मात्र हुनु पर्ने । |

| | |
|---|---|
| | पचहत्तर जिल्लाबाट पचहत्तर जना मात्र सांसद संख्या हुने व्यवस्था गरिनु पर्ने । |
| | समानुपातिक निर्वाचन प्रणाली हटाउनु पर्ने । |
| | समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य संख्या घटाउने । |
| | नागरिकले निर्वाचित प्रतिनिधिलाई प्रत्याह्वान (फिर्ता) गर्न पाउने व्यवस्थ हुनुपर्ने । |
| | नागरिकलाई नो भोटिङ्ग गर्ने व्यवस्था हुनु पर्ने । |
| | विदेशमा बस्ने नेपालीलाई पनि मताधिकारको संवैधानिक व्यवस्था हुनु पर्ने । |
| | समानुपातिक प्रणालीबाट निर्वाचन हुने सांसदको संख्या जम्मा सांसदको १०% मात्र राख्नु पर्ने । |
| | कुनै पनि व्यक्ति दुई पटक भन्दा बढी सभामुख हुन नपाउने व्यवस्था हुनु पर्ने । |
| | विदेशी पीआर लिएको व्यक्ति सार्वजनिक पदमा उम्मेदवार हुन, मनोनयन हुन र नियुक्ति हुन नपाउने व्यवस्था हुनु पर्ने । |
| | धारा ८८ को उपधारा (८) बमोजिम महिलाको संख्या पुऱ्याउन प्राविधिक सम्स्या पर्ने हुँदा सो व्यवस्थामा पुनर्विचार हुनु पर्ने । |
| | संघिय व्यवस्थापिका अन्तर्गतका समितिहरुले गर्ने अनुगमनका कार्यहरु संघीय सचिवालयले गर्न पाउने व्यवस्था हुनु पर्ने । |
| | राष्टि«यसभाको अध्यक्ष उपराष्ट«पति हुने व्यवस्था हुनु पर्ने । |
| | धारा १०७ को उपधारा (३) अन्तर्गतको संसदको विशेषाधिकार अन्तर्गत प्रकाशन प्रसारणको विषय हटाउनु पर्ने । |
| | सांसद सदस्यमा कम्तिमा २०% युवाको प्रतिनिधित्व हुनुपर्ने । |
| | प्रतिनिधिसभा पूर्ण समानुपातिक हुनुपर्ने । |
| | माथिल्लो सदनमा ५०% महिला मनोनयन हुने व्यवस्था गर्नुपर्ने । |
| | एउटै व्यक्ति सभासदमा २ पटकभन्दा बढी निर्वाचनमा उठ्न नपाउने व्यवस्था गरिनुपर्ने । |
| | प्रतिनिधिसभा, राष्ट्रियसभा तथा संघीयसभाको सदस्यहरुको संख्या बढीमा २०० जना हुने व्यवस्था गर्नुपर्ने । |
| | समानुपातिक र निर्वाचित सदस्य बराबर राख्नुपर्ने । |
| | धारा ९० को उपधारा (२०) (क) मा एकजना महिलासहित प्रादेशिक जनसंख्याको आधारमा प्रत्येक प्रदेशबाट कम्तीमा दुई जनाका दरले निर्वाचित ४० जना राख्ने व्यवस्था गर्ने । |
| | प्रतिनिधि सभा सदस्यले सभामा प्रवेश गर्दा अनिवार्य पोशाक लगाउनु पर्ने व्यवस्था गर्नुपर्ने । |
| | दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुनु पर्ने । |
| | मतदान गर्न पाउने उमेर २१ वर्ष कायम गर्नुपर्ने । |
| | प्रतिनिधिसभामा १५० र सोको २५ प्रतिशत समानुपातिक निर्वाचन हुनु पर्ने र |

| | |
|---|---|
| | समानुपातिकमा २ पटक मात्र हुने व्यवस्था गर्नुपर्ने । |
| | भू.पू. सैनिकहरुलाई संघीय विधायिकामा प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्ने । |
| | राष्ट्रिय सभामा समानुपातिक प्रणालीबाट चुनिनु पर्ने । |
| | समानुपातिकमा ६० र प्रत्यक्ष निर्वाचनमा ४० हुनुपर्ने । |
| | प्रतिनिधि सभामा ७० प्रतिशत प्रत्यक्ष र ३० प्रतिशत सदस्य समानुपातिकबाट हुनुपर्ने । |
| | सबै जनप्रतिनिधिहरुले नेपाली भाषमा सपथ लिनुपर्ने । |
| | संघीय व्यवस्थापिका एक सदन हुनुपर्ने । |
| | संसदको कार्यकाल ४ वर्षको हुनुपर्ने । |
| | देशभरका स्थानीय तहको कानून निर्माण प्रक्रिया र अभिलेखीकरणमा एकरुपता कायम गर्ने व्यवस्था गर्नुपर्ने । |
| | प्रत्यक्ष निर्वाचनको ५ प्रतिशतले हुन आउने संख्यामा मात्र राष्ट्रिय सभामा मनोनित हुने व्यवस्था गर्नुपर्ने । |
| | राष्ट्रिय सभाका सदस्यको मनोनित गर्दा प्रत्येक प्रदेशबाट कम्तीमा एकजनाको प्रतिनिधित्व हुनेगरी जनसंख्याको आधारमा निर्वाचन गर्ने । |
| | धारा ८८ को उपधारा (२) को स्पष्टीकरणमा आदिवासी जनजाति र दलितको परिभाषा गरिनुपर्ने । |
| | धारा ९० को उपधारा (२) को खण्ड (क) मा “समावेशी, समानुपातिक सिद्धान्तको आधारमा” भन्ने शब्दहरु थप गर्नुपर्ने । |
| | राष्ट्रिय सभामा दलितको प्रतिनिधित्व प्रत्येक प्रदेशसभावाट न्युनतम १ जना हुने गरी सुनिश्चत गरिनु पर्दछ भन्ने थप्ने । |
| | विदेशमा बस्ने नेपालीलाई मतदानको अधिकार दिनुनपर्ने । |
| | संघीय प्रतिनिधि सभाको गठनको हकमा निर्वाचन क्षेत्र निर्धारण जनसंख्यालाई मूल आधार बनाउनु पर्ने । भौगोलिक विकटतालाई पनि ध्यान दिनुपर्ने । |
| | धारा ८८ को उपधारा (२)मा अपाङ्ग भन्ने शब्द थप्नुपर्ने । |
| | प्रत्यक्ष निर्वाचनमा समावेशी हुनुपर्ने । |
| | प्रतिनिधि सभाको सदस्य संख्याको १० प्रतिशत अर्थात ११ जना महिला र ६ जना दलित/ अल्पसंख्यक आरक्षण गरी चक्रिय प्रणालीमा प्रत्यक्ष निर्वाचत - १७ जना |
| | प्रतिनिधि सभाको ३० प्रतिशत लाई सत प्रतिशत मानि जनसंख्याको अनुपातमा उम्मेदवारबाट प्रत्यक्ष निर्वाचित (सबै जात जातिको प्रतिनिधित्व) - ५० जना |

| | |
|---|---|
| | प्रतिनिधि सभाको ६० प्रतिशत सदस्य खुलाबाट प्रत्यक्ष निर्वाचित ९८ जना<br><br>राष्ट्रियसभा प्रदेश र समानुपातिकबाट संख्या ९५<br><br>प्रतिनिधि सभाको ३० प्रतिशत लाई सत प्रतिशतमानि जनसंख्याको अनुपात अनुसार समावेशी समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित छ जना<br><br>प्रत्यक्ष निर्वाचनमा ३३ प्रतिशत महिला हुनुपर्ने ।<br><br>प्रदेश सभाको लागि उमेर २५ वर्ष हुनुपर्ने ।<br><br>राजनीतिमा योग्यता चाहिँदैन ।<br><br>माथिल्लो सदनमा ५० प्रतिशत समावेशी समानुपातिक आधारमा महिला मनोनित गरीनुपर्ने ।<br><br>दलितको गैर भौगोलिक प्रदेश हुनुपर्ने ।<br><br>धारा ८८ को उपधारा (२) मा थप्ने यसरी प्रतिनिधित्व गराउँदा श्रमिक वर्गको न्युनतम १० प्रतिशत प्रतिनिधित्व गराउनुपर्ने ।<br><br>धारा ९०को उपधारा (२) मा (ग) थप्ने, खण्ड (क) र (ख) बमोजिम राष्ट्रियसभामा प्रतिनिधित्व गराउदा कानुनमा उल्लेख भए बमोजिम कम्तीमा ५ जना श्रमिकको प्रतिनिधित्वको व्यवस्था गरिनुपर्ने ।<br><br>धारा ९१ को स्पष्टिकरण राजनीतिक पद पछि " र श्रमिक" थप्नुपर्ने<br><br>धारा ८६ को व्यवस्थापिकाको गठनको को ८८ को उपधारा (२)मा प्रतिनिधीसभाको गठनमा समानुपातिक निर्वाचन प्रणाली, धारा १७५ को धारा १७५ को उपधारा (४) प्रादेशिक सभाको गठनको समानुपातिक निर्वाचन प्रणाली, धारा २०१३ गाउँ कार्यपालिका र प्रमुख सम्बन्धी व्यवस्था को २१३(५) र धारा २१४ को उपधारा (५) का सबै समानुपातिक तथा मनोनयनका लागि गरिएका व्यवस्थामा अपाङ्गता भन्ने शब्द थप्ने ।<br>प्रदेशबाट निर्वाचित ४० जना, मनोनित ५ जना |

## भाग-९

## संघीय व्यवस्थापन कार्यविधि

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| | अर्थ विधेयक बाहेक संघीय व्यवस्थापिकामा पेश हुने सबै विधेयक कानून मन्त्रालय मार्फत पेश हुने व्यवस्था गर्नुपर्ने । |
| | संघीय व्यवस्थापिकाले मात्र ऐन बनाउने व्यवस्था गर्नुपर्ने । |

# भाग-१०

## संघीय आर्थिक कार्यप्रणाली

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| | दोहोरो कर नलाग्ने संवैधानिक व्यवस्था गरिनुपर्ने । |
| | धारा ११९ को संघीय सञ्चित कोषमा उल्लेख भएको "गुठी रकम बाहेक" भन्ने शब्द हटाउनु पर्ने । |
| | संघ र प्रदेश बीच आर्थिक श्रोतको बाँडफाँडमा दोहोरोपन नआउने गरी कर प्रणाली व्यवस्थित गर्नु पर्ने । |

# भाग-११

## न्यायपालिका

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| न्यायपालिका सम्बन्धी | धारा १३२ को उपधारा (३) मा रहेको प्रतिबन्धात्मक बाक्यांश हटाउने । |
| | धारा १३२ को उपधारा (४) मा सर्वोच्च अदालतले आफ्नो मातहत अदालत वा न्यायिक निकायहरुको अवहेलनामा कारवाई चलाई कानुन बमोजिम सजाय गर्न सक्नेछ भन्ने व्यवस्था गरिनुपर्ने । |
| | धारा १०५ को उपधारा (२) मा सफाई पेश गर्ने मौका दिने व्यवस्था गर्ने । धारा १३७ (२) मा पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्ने शब्द राख्ने । |
| | धारा १४२ मा वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने । |
| | धारा १५० नराख्ने । |
| | जिल्ला न्यायधीशको नियुक्ति गर्दा रिक्त पदमा ९० प्रतिशत न्याय सेवाका कर्मचारी र १० प्रतिशत खुलाबाट पूर्ति गर्ने । |
| | संवैधानिक अदालत आवश्यक छैन । |
| | संवैधानिक अदालतको व्यवस्था राम्रो छ । |
| | संवैधानिक अदालत स्थायी रुपमा रहने व्यवस्था गर्नु पर्ने । |
| | संवैधानिक अदालत र सर्वोच्च अदालतको न्यायाधीशको योग्यता समान हुन पर्ने, फरक फरक हुन नहुने । |
| | प्रधान न्यायाधीशको पदावधि पाँच वर्षको मात्र हुने व्यवस्था गर्नु पर्ने । |
| | सर्वोच्च अदालतमा दक्षताका आधारमा न्यायाधीश नियुक्ति हुने व्यवस्था गर्नु पर्ने । |
| | उच्च अदालतका न्यायाधीश मात्र सर्वोच्च अदालतमा न्यायाधीश बन्न पाउने व्यवस्था गर्नु पर्ने । |

| | |
|---|---|
| | सर्वोच्च अदालतमा अस्थायी वा अतिरिक्त न्यायाधीश नराख्ने व्यवस्था गर्नु पर्ने । |
| | सबै तहका अदालतका न्यायाधीशको उमेर र नियुक्ति प्रक्रिया एउटै हुनु पर्ने । |
| | न्यायाधीशको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट हुनुपर्ने । |
| | न्यायपालिका र न्यायाधीशबाट हुने न्यायिक स्वच्छन्दता नियन्त्रणका लागि छुट्टै व्यवस्था हुनु पर्ने । |
| | न्याय परिषदको सदस्य भएको व्यक्ति कुनै पनि तहको अदालतमा न्यायाधीश हुन नपाउने व्यवस्था हुनु पर्ने । |
| | न्यायाधीशको नियुक्ति सरकारले गर्नु पर्ने व्यवस्था हुनु पर्ने । |
| | न्यायाधीशको नियुक्ति निर्वाचनको माध्यमबाट हुने व्यवस्था हुनु पर्ने । |
| | सबै तहका अदालतमा एक तिहाई महिलाको सहभागिता हुने व्यवस्था हुनु पर्ने । |
| | न्याय परिषद्मा समावेशी सदस्य रहने व्यवस्था गर्नु पर्ने । |
| | न्यायपालिकाको व्यवस्थामा स्थानीय अदालत थप हुनु पर्ने । |
| | न्यायपालिकाको व्यवस्थामा पारिवारिक अदालत पनि थप हुनु पर्ने । |
| | सबै तहका न्यायाधीशहरुको पुनर्नियुक्ति हुने व्यवस्था हुनु पर्ने । |
| | प्रधानन्यायाधीश र न्यायाधीशहरुको अवकाशको उमेर र योग्यता बारे पुनर्विचार हुनुपर्ने । |
| | सबै न्यायधीशहरुको उमेरको हद ६५ वर्ष रहने व्यवस्था गर्नु पर्ने । |
| | कानूनमा स्नातकोत्तर प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीशमा कम्तीमा ७ वर्ष सेवा गरेको न्यायाधीश समेत प्रधानन्यायाधीशमा नियुक्तिको लागि योग्य हुन सक्ने व्यवस्था हुनु पर्ने । |
| | सबै तहका न्यायाधीशहरुको उमेरको हद अन्य कर्मचारीसरह ५८ वर्ष हुने व्यवस्था हुनु पर्ने । |
| | सबै तहका न्यायाधीशहरुको नियुक्तिको योग्यता कम्तीमा कानुनमा स्नाकोत्तर गरेको हुनु पर्ने । |
| | न्यायाधीशहरुको नियुक्ति समावेशी सिद्धान्त बमोजिम हुनु पर्ने । |
| | न्यायाधीशको लागि संसदीय सुनुवाईको प्रभावकारी व्यवस्था राख्नु पर्ने । |
| | न्यायाधीशको नियुक्ति गर्दा कानून व्यवसायीबाट नगर्ने व्यवस्था राख्नु पर्ने । |
| | प्रदेश अदालतका न्यायाधीशहरुका लागि पनि परीक्षाको व्यवस्था राख्नु पर्ने । |
| | न्यायाधीश हुन न्याय सेवाका कर्मचारीले परीक्षा दिनुपर्ने व्यवस्था हटाउनुपर्ने । |
| | न्याय सेवामा कम्तीमा २० वर्ष अधिकृतस्तरमा सेवा गरेका बहालवाला कर्मचारी पनि उच्च अदालतमा न्यायाधीश नियुक्त हुन सक्ने व्यवस्था राख्नु पर्ने । |

| | |
|---|---|
| | जिल्ला अदालतलाई पनि परमादेशको आदेश जारी गर्ने अधिकार दिनु पर्ने । |
| | जिल्ला न्यायाधीशको परीक्षा प्रणाली पूर्वाग्रही भएकोले सो व्यवस्था हटाउनु पर्ने । |
| | जिल्ला न्यायाधीशको परीक्षा प्रणाली राख्न जोखिमपूर्ण भएकोले सो व्यवस्था हटाउनु पर्ने । |
| | जिल्ला न्यायाधीशको नियुक्तिको प्रावधान गैर न्यायिक र त्रुटिपूर्ण छ सुधार हुनु पर्ने । |
| | जिल्ला न्यायाधीशको नियुक्ति अन्तरिम संविधान, २०६३ को व्यवस्था बमोजिम नै हुनुपर्ने । |
| | न्यायप्रणाली छिटो छरितो हुनुपर्ने । |
| | न्याय परिषदको संरचनामा पुनर्विचार गरी न्याय परिषदको सदस्यमा महान्यायाधिवक्तालाई पनि समावेश गर्नु पर्ने । |
| | ५०० मुद्दा बराबर १ जना सर्वोच्च अदालतको न्यायधीश रहने गरी व्यवस्था गरिनु पर्ने । |
| | उच्च अदालतलाई प्रादेशिक अदालत नामाकरण गरिनुपर्ने । |
| | धारा १३३ मा २० वर्ष निरन्तर वकालत गरेको अधिवक्ता वा न्याय र कानूनको क्षेत्रमा काम गरेको व्यक्ति सर्वोच्च अदालतका प्रधानन्यायाधीश वा न्यायाधीशमा नियुक्ति हुन सक्ने व्यवस्था गरिनुपर्ने । |
| | धारा १४४ को उपधारा (२) उल्लेख भएको "कानूनमा स्नातक वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रुपमा १० वर्ष" भन्ने व्यवस्थाको सट्टा "कानूनमा स्नातक वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रुपमा १५ वर्ष" भन्ने व्यवस्था राख्नुपर्ने । |
| | उच्च अदालतका न्यायाधीश सबै स्थायी नियुक्ति हुनुपर्ने र संख्या तोकिनु पर्ने । |
| | धारा १५३ को उपधारा (२) जिल्ला न्यायाधीश नियुक्ति प्रकृयामा व्यापक संशोधन गर्ने र उपधारा (३) पुरै हटाउने । |
| | जिल्ला न्यायाधीशको नियुक्ति प्रकृया ७०% उपसचिवबाट र ३०% खुल्ला प्रतियोगिद्धारा( २०% अधिकृतबाट र १०% वकीलबाट) पदपूर्ति गर्ने व्यवस्था गरिनुपर्ने । |
| | न्यायपालिकामा हुने भ्रष्टाचारलाई रोक्न विशेष अधिकार भएको संस्था राख्नुपर्ने । |
| | जिल्ला न्यायधीशमा प्रतिस्पर्धा गर्ने अधिवक्ताले न्युनतम १० वर्ष अदालतमा Pratice गरेको हुनुपर्ने व्यवस्था राख्नुपर्ने । |
| | शाखा अधिकृत, कानुन व्यवसायी र उपसचिवलाई परीक्षाको एउटै डालोमा हालेर न्यायधीश हुन लिखित र मौखिक परिक्षा दिनुपर्ने प्रावधान अन्यायपूर्ण र पूर्वागही भएकोले सो व्यवस्था हटाउनु पर्ने । |
| | बाहिर देशको अनुभवलाई हेर्दा पनि तल्ला तहको बहालवालालाई प्राथमिकता दिने संवैधानिक व्यवस्था भएकोले सोही बमोजिम न्यायाधीशको नियुक्ति हुने व्यवस्था गर्ने । |
| | जिल्ला न्यायाधीशको परीक्षा जस्तै उच्च अदालत र सर्वोच्च अदालतका न्यायाधीश समेतमा लागू गर्नुपर्ने । |
| | २०६३ सालको अन्तरिम संविधान बमोजिम नै प्रचलित रहेको जिल्ला न्यायाधीशमा नियुक्त गर्ने प्रचलनलाई निरन्तरता दिनु उपयुक्त हुन्छ । २-घन्टे परीक्षाबाट छानिएका न्यायाधीशबाट |

| | |
|---|---|
| | न्यायको मर्म बमोजिमको न्याय प्रदान गर्न नसक्ने भएकोले सो व्यवस्थामा सुधार हुनु पर्ने । |
| | धारा १२९ देखि १६० खारेज गर्नुपर्ने र संघीयताको विषयमा जनमत संग्रह पछिमात्रै उपयुक्त संवैधानिक व्यवस्था गर्ने । |
| | धारा १४१ खारेज गर्नुपर्ने । |
| | धारा १५७ खारेज गर्नुपर्ने । |
| | धारा १४१ को उपधारा (२) को खण्ड (ख) मा सर्वोच्च अदालतको सट्टा त्यस क्षेत्रका विज्ञ २ जना सदस्य राख्ने व्यवस्था गरिनुपर्ने । |
| | कानुनमा स्नातकोपाधी प्राप्त गरी उच्च अदालतको मुख्य न्यायधीशमा कम्तीमा ७ वर्ष सेवा गरेको समेतलाई प्रधानन्यायधीश पदमा नियुक्त हुन योग्य हुने व्यवस्था गरिनुपर्ने । |
| | सर्वोच्च अदालतमा स्थायी न्यायाधीश संख्या बढाउनु पर्ने । |
| | सर्वोच्च अदालतमा स्थायी न्यायाधीश संख्या २१ राख्ने । |
| | सर्वोच्च अदालतमा प्रधान न्यायाधीशको उमेरको हद ७० वर्ष राख्नुपर्ने । |
| | प्रधानन्यायाधीशको पदावधि ५ वर्षको राख्ने । |
| | स्थानीय अदालतको व्यवस्था थप गर्नुपर्ने । |
| | न्यायाधीशहरु योग्यताको आधारमा निर्वाचनबाट नियुक्ति हुने व्यवस्था गर्नुपर्ने । |
| | घुम्ती अदालतको व्यवस्था हुनुपर्ने । |
| | न्याय सेवा आयोगमा सर्वोच्च अदालतको वरिष्ठ न्यायाधीश अध्यक्ष, कानून मन्त्रालय र कानून आयोगका सचिवहरु तथा महान्यायाधिवक्ताको वरिष्ठ न्यायाधिवक्ता सदस्य हुने व्यवस्था गर्नुपर्ने । |
| | प्रत्येक उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त मुद्दाको चाप र कार्यबोझका आधारमा बढीमा १० जना न्यायाधीश रहने व्यवस्था गरिनुपर्ने । |
| | कानूनमा स्नातक जिल्ला न्यायाधीशको पदमा कम्तीमा ५ देखि ७ वर्ष काम गरेको वा कानूनमा स्नातक वरिष्ठ अधिवक्ताको रुपमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १५ वर्ष कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीश पदमा नियुक्तिको लागि योग्य हुने व्यवस्था गरिनुपर्ने |
| | न्यायिक हिरासत र न्यायिक प्रहरीको व्यवस्था गर्नुपर्ने । |
| | प्रादेशिक न्याय परिषद्को गठन हुनुपर्ने । |
| | जातीय अदालतको व्यवस्था गरिनुपर्ने । |
| | विवाद समाधानको वैकल्पिक निकायको व्यवस्था गरिनुपर्ने । |
| | परम्परागत मान्यतालाई कानूनी मान्यता दिनुपर्ने । |

| | |
|---|---|
| | जिल्ला उपभोक्ता अदालतको व्यवस्था गर्नुपर्ने । |
| | संघीयता अन्तर्गत एकीकृत न्यायपालिकाको अवधारणाभित्र रहेर न्यायपालिकाको बारेमा राज्यका सबै तहमा व्यवस्था गर्नुपर्ने । |
| | सबै न्यायाधीशको उमेरको हद ६५ बर्ष कायम गर्नुपर्ने । |
| | धारा १५६ को खण्ड (ग) मा सर्वोच्च अदातलका वरिष्ठतम् न्यायाधीश ३ जना हुनुपर्ने । व्यवस्था गर्ने । |
| | न्यायाधीशको नियुक्ति गर्दा मधेशीहरुको प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने । |
| | धारा १५५ मा "अर्धन्यायिक निकायले निर्णय उपर पुनरावेदन सुन्न" भन्ने शब्द हटाउनुपर्ने । |
| | अर्धन्यायिक निकायले गरेको निर्णय उपर उच्च अदालतले हेर्ने व्यवस्था हुनुपर्ने । |
| | एकात्मक न्याय हुनु हुँदैन ।<br>अर्धन्यायिक निकायले गरेका फैसलाको पुनरावेदन पुनरावेदन पुनरावेदन अदालतमा लगिनुपर्ने । |

## भाग-१२
## प्रादेशिक कार्यपालिका

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| प्रादेशिक कार्यपालिका सम्बन्धी | प्रदेश प्रमुख निर्वाचित हुनुपर्ने । |
| | प्रदेश प्रमुखको आवश्यक नभएको । |
| | प्रदेश प्रमुखको सट्टा राज्यपाल वा प्रदेशपाल हुनुपर्ने । |
| | प्रदेश प्रमुख भन्ने शब्दहरुको सट्टा क्षेत्रपति भन्ने शब्द राख्ने । |
| | दलितलाई प्रदेश प्रमुख बनाउनुपर्ने । |
| | प्रदेशमा रहने मन्त्रीको शैक्षिक योग्यता तोकिनुपर्ने । |
| | प्रादेशिक कार्यपालिकामा विज्ञलाई मात्र मन्त्री बनाउने । |
| | प्रादेशिक कार्यपालिकामा रहने मन्त्रीको संख्या घटाउनु पर्ने व्यवस्था गर्नुपर्ने । |
| | प्रादेशिक कार्यपालिकामा रहने मुख्य मन्त्री प्रत्यक्ष निर्वाचित हुनु पर्ने । |
| | स्थानीय प्रमुख र उपप्रमुख दुई विपरीत लिङ्ग र जातको हुने व्यवस्था गर्नुपर्ने । |
| | प्रादेशिक कार्यपालिकामा मन्त्रीको संख्या ७ जनासम्म मात्र हुने व्यवस्था गर्नुपर्ने । |
| | प्रादेशिक कार्यपालिकामा मन्त्रीको संख्या ५ जनासम्म मात्र हुने व्यवस्था गर्नुपर्ने । |

| | |
|---|---|
| | प्रदेश प्रमुखको नियुक्ति संघीय मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने र गाँउ नगर र जिल्ला सभाका सदस्यहरु एवं प्रादेशिक प्रतिनिधि सभाका सदस्यहरु मतदाता भएको निर्वाचन मण्डलबाट निर्वाचित व्यक्ति मुख्य मन्त्री हुने व्यवस्था गर्ने र धारा १७६ समेतमा रहेको अगावै विघटन हुने भन्ने व्यवस्था हटाउनुपर्ने । |
| | प्रदेश कार्यपालिकामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने । |
| | धारा १६४ को उपधारा (१) को खण्ड (ङ) को प्रावधान हटाउने । |
| | संघीय मन्त्रिपरिषद्को सिफारिसमा एक प्रदेश प्रमुख नियुक्ति हुने व्यवस्था गरिनुपर्ने । |
| | प्रादेशिक कार्यपालिका अन्तर्गत प्रदेश सभाबाट निर्वाचित मुख्यमन्त्री हुनु पर्ने । |
| | प्रादेशिक सभा दुई सदनात्मक हुनुपर्ने । |

## भाग-१३
## प्रादेशिक व्यवस्थापिका

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| प्रादेशिक व्यवस्थापिका सम्बन्धी | प्रादेशिक व्यवस्थापिकामा सांसदको संख्या १५ देखि २५ सम्म हुने गरी मात्र तोकिनु पर्ने । |
| | प्रदेश सभाको सदस्य संख्या २०-३० मात्र हुने व्यवस्था गर्नुपर्ने । |
| | प्रादेशिक व्यवस्थापिकामा संसदको संख्या घटाउने । |
| | प्रादेशिक व्यवस्थापिकाका संसदको उमेर तोकिनुपर्ने । |
| | प्रादेशिक व्यवस्थापिकामा समानुपातिक निर्वाचन प्रणाली हटाउनु पर्ने । |
| | प्रादेशिक व्यवस्थापिकामा सांसद संख्याको १०% मात्र समानुपातिक निर्वाचन प्रणालीबाट हुनु पर्ने । |
| | प्रदेश प्रमुख समानुपातिकबाट मात्र निर्वाचित हुनुपर्ने । |
| | प्रादेशिक व्यवस्थापिकाका लागि हुने निर्वाचनमा एक ठाउँमा मात्रै उम्मेदवारी दिने व्यवस्था गरिनु पर्ने । |
| | प्रादेशिक व्यवस्थापिकामा ३० देखि ४० प्रतिशत महिलाको सहभागिता रहने व्यवस्था गरिनु पर्ने । |
| | प्रादेशिक व्यवस्थापिकामा रहने सांसदको न्यूनतम शैक्षिक योग्यता अनिवार्य रुपमा तोकिनुपर्ने । |
| | प्रदेश सभाको विशेषाधिकार धारा १८६ मा प्रसारण प्रकाशनको विषयलाई राख्न उचित नहुने । |
| | प्रादेशिक व्यवस्थापिकामा श्रमिकहरुको १०% अनिवार्य प्रतिनिधित्व रहने व्यवस्था गरिनु पर्ने । |

| | |
|---|---|
| | प्रदेश सभाको गठनमा अपाङ्ग भएका व्यक्तिको पनि प्रतिनिधित्व रहने व्यवस्था गरिनु पर्ने । |
| | प्रदेश सभामा दलित समुदायको समानुपातिक प्रतिनिधित्व पाँच प्रतिशत रहने व्यवस्था गरिनु पर्ने । |
| | प्रदेश व्यवस्थापिकामा अवशिष्ट अधिकार निहित हुनु पर्ने । |
| | प्रादेशिक सभाका सदस्यहरुको पोशाक तोकिनुपर्ने । |
| | प्रदेशका मूल आदिवासीहरुलाई दुई कार्यकालको लागि राजनीतिक अग्राधिकार हुनेछ भन्ने थप्ने । |
| | धारा १७५ उपधारा (४) मा राना थरुवा, अपाङ्ग थप गर्नुपर्ने । |
| | पूर्ण समानुपातिक समावेशी हुनुपर्ने ।<br>पहिलो हुने निर्वाचन प्रणाली चक्रिय प्रणाली अनुसार आरक्षित महिला १० प्रतिशत अल्पसंख्यक/दलित ५ प्रतिशत) जनसंख्याको अनुपातमा समावेशी समानुपातिक ३० र खुलाबाट ४४ प्रतिशत- २×१६५=३३०<br>प्रादेशिक मन्त्रीमण्डल समावेशी हुनुपर्ने<br>भाग १३ धारा १७५ को उपधारा (४) मा यसरी प्रतिनिधित्व गराउँदा श्रमिक वर्गको न्युनतम १० प्रतिशत प्रतिनिधित्व गराउनुपर्ने ।<br>धारा १७५ मा स्पष्टिकरणमा "लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनितिक पद र श्रमिक बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनुपर्छ । |

## भाग-१४
## प्रादेशिक व्यवस्थापन कार्यविधि

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| | - |

## भाग-१५
## प्रादेशिक आर्थिक प्रणाली

| विषय | राय ,सुझाव, प्रतिक्रिया |
|---|---|
| | दोहोरो कर नलाग्ने संवैधानिक व्यवस्था गरिनुपर्ने । |
| | संघ र प्रदेश बीच आर्थिक श्रोतको बाँडफाँडमा दोहोरोपन नआउने गरी कर प्रणाली व्यवस्थित गर्नु पर्ने । |

## भाग-१६

## स्थानीय कार्यपालिका

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| स्थानीय कार्यपालिका सम्बन्धी | गाउँपालिका र नगरपालिकाको प्रमुख प्रत्यक्ष जनताबाट निर्वाचित हुनुपर्ने व्यवस्था गरिनु पर्ने । |
| | जिल्ला सभा आवश्यक छैन । |
| | कुनै पनि व्यक्ति स्थानीय पदाधिकारीको रुपमा दुई कार्यकाल भन्दा बढी हुने व्यवस्था नराख्ने । |
| | स्थानीय कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्य हुन कम्तीमा २५ वर्ष र मान्यता प्राप्त संस्थाबाट कम्तीमा एस. एल.सी उत्तीर्ण गरेको हुनु पर्ने व्यवस्था गरिनु पर्ने । |
| | स्थानीय कार्यपालिकामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने सुनिश्चितता  व्यवस्था गरिनु पर्ने । |
| | धारा २१७ मा उल्लेख भएको संघीय संसदले बनाएको कानून बमोजिम भन्ने प्रावधानको सट्टा प्रादेशिक संसदले बनाएको कानून बमोजिम उल्लेख हुनुपर्ने । |
| | गाउँसभा र नगरसभाको सदस्य संख्या वडाको संख्याको अनुपातमा कायम हुने व्यवस्था गर्ने । |
| | धारा २१३ को उपधारा (५) र २१४ को उपधारा (५) मा “श्रमिक” भन्ने शब्द पनि थप गर्नुपर्ने । |
| | बरघर(बरघर (बडघर))हरुलाई कानुनी मान्यता दिनु पर्ने । |
| | धारा २१३ उपधारा (५) थप गर्ने । एक गा.वि.स.मा कम्तीमा तीन जना बरघर कार्यकारी समितिको पदेन सदस्य हुनु पर्ने । |
| | धारा २१४ उपधारा (५) थप गर्ने । एक नगरपालिकामा कम्तीमा चार जना बरघर (बडघर) कार्यकारी समितिको पदेन सदस्य हुनु पर्ने । |
| | धारा २२१ उपधारा (१) संशोधन गर्ने ।  प्रत्येक वडाबाट एक जना बरघर (बडघर) गाउँसभाको पदेन सदस्य हुनेछ । |
| | धारा २२२ को उपधारा (१) संशोधन गर्ने ।  प्रत्येक नगरसभाबाट एक जना बरघर (बडघर) गाउँसभाको पदेन सदस्य हुनेछ । |
| | धारा २१३ को उपधारा (५) मा अपाङ्ग थप गर्नुपर्ने । |

## भाग-१७

## स्थानीय व्यवस्थापिका

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| | वडामा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था गर्नुपर्ने । |
| | स्थानीय व्यवस्थापिकामा संख्या धेरै भयो, हटाउनु पर्ने । |

| | |
|---|---|
| | वडा समिति, गाउँ वा नगरसभामा कम्तीमा ५०% महिला सहभागिता हुने व्यवस्था गरिनु पर्ने । |
| | वडा समिति, गाउँ वा नगरसभाका प्रतिनिधिहरुको न्यूनतम शैक्षिक योग्यताको व्यवस्था गरिनु पर्ने । |
| | संविधान जारी भएको ६ महिना भित्र स्थानीय व्यवस्थापिकाका लागि निर्वाचन हुने व्यवस्था गरिनु पर्ने । |
| | स्थानीय निर्वाचन ५/५ वर्षमा हुने संवैधानिक व्यवस्था गरिनु पर्ने । |
| | स्थानिय वडामा वडा अध्यक्ष २ जना महिला सहित ५ जना सदस्य प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरिनु पर्ने । |
| | स्थानीय व्यवस्थापिकामा दलित समुदायको समानुपातिक प्रतिनिधित्व १०%(दश प्रतिशत) हुने व्यवस्था गरिनु पर्ने । |
| | धारा २२१ र २२२ मा आदिवासी जनजातिको प्रथाजनिक न्याय प्रणालीलाई स्थानीय न्याय सम्पादनमा कानूनी मान्यताको व्यवस्था गर्नुपर्ने । |

## भाग-१८
## स्थानीय आर्थिक प्रणाली

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| | |

## भाग-१९
## संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| | मस्यौदाको अनुसूचीमा उल्लिखित संघको अधिकार, प्रदेशको अधिकार, संघ र प्रदेशको साझा अधिकार र स्थानीय तहको अधिकारको सूचीमा उल्लिखित विषयहरुका सम्बन्धमा कुन विषयको अधिकार कुन तहलाई दिनुपर्ने हो भन्ने सम्बन्धमा यकिन गर्नु अघि तत् सम्बन्धी विषयका विज्ञहरु सँग विस्तृत छलफल गरी टुंगोमा पुग्नुपर्ने । |
| | प्राकृतिक रोयल्टी संघ, प्रदेश र स्थानीय निकायमा कति प्रतिशत वितरण हुने संविधानमा उल्लेख हुनुपर्ने । |

## भाग-२०
## अख्तियार दुरुपयोग अनुसन्धान आयोग

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| | प्रमुख आयुक्त तथा अन्य आयुक्त खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गरिनु पर्ने । |

| | |
|---|---|
| | प्रमुख आयुक्त तथा अन्य आयुक्त विद्यावारिधी वा स्नातकोत्तर हुने व्यवस्था गरिनु पर्ने । |
| | प्रमुख आयुक्त तथा अन्य आयुक्त पुनर्नियुक्ति हुने व्यवस्था गरिनु पर्ने । |
| | प्रधानमन्त्री, मन्त्रीहरु, नेपाली सेना, राजनीतिक दलका नेता, संसद समेतबाट हुने भष्ट्राचारमा अख्तियारको क्षेत्राधिकार रहने व्यवस्था गरिनुपर्ने । |
| | सवै अदालतका न्यायाधीशहरुबाट हुने भष्ट्राचारमा आयोगको क्षेत्राधिकार रहनु पर्ने । |
| | NGO, INGO लगायत निजी क्षेत्र समेतबाट हुने भष्ट्राचारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार रहने व्यवस्था गरिनुपर्ने । |
| | आयोगले गलत मनसायले भष्ट्राचारको अभियोग लगाई मुद्दा दायर गरेमा पीडितलाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गर्ने । |
| | आयोगमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुनु पर्ने । |
| | धारा २३८ मा "अनुचित कार्यसमेत" भन्ने शब्द समावेश गर्नुपर्ने । |
| | धारा २३७ को उपधारा (५) (ग) मा सार्वजनिक प्रशासन क्षेत्र समेत थपी १५ वर्ष काम गरेको अनुभव भन्ने सट्टा २० वर्ष काम गरेको अनुभव भन्ने व्यवस्था राखिनुपर्ने । |
| | आयोगको काम कारवाहीलाई संसदीय समितिबाट अनुगमन र मूल्यांकन गर्ने छुट्टै व्यवस्था राख्न नहुने । |
| | धारा २३७ को उपधारा (५) (घ) मा उल्लेख भएको उमेर हद ४० वर्षको सट्टा ४५ वर्ष राख्ने । |
| | आयोगमा ७ जना आयुक्त हुने व्यवस्था गर्नुपर्ने । |
| | धारा २३८ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश हटाई अख्तियारले अनुसन्धान गर्न पाउने व्यवस्था गरिनुपर्ने । |
| | आयुक्त र प्रमुख आयुक्तको पदावधि ५ वर्षको राख्ने व्यवस्था गर्ने । |
| | धारा २३८ को उपधारा (२) मा रहेको "र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिका हकमा" भन्ने शब्दहरु हटाउने । |
| | धारा २३८ को उपधारा (४) खारेज गर्नुपर्ने । |
| | धारा २३७ को उपधारा (५) को खण्ड (ग) मा "स्वास्थ्य" भन्ने शब्द समेत थप्नुपर्ने । |
| | अ.दु.अ.आ.को क्षेत्राधिकार अन्तरिम संविधान, २०६३ बमोजिम नै हुनुपर्ने । |
| | अ.दु.अ.आ.का अध्यक्ष तथा सदस्यको अनुभव १५ वर्ष मात्र गरिएकोमा सो गरिनु हुँदैन अन्य संबैधानिक निकायको सरह नै गरिनुपर्ने । |
| | कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बनधमा अ.दु.अ.आ. ले कानून बमोजिम अनुसन्धान गर्न वन गराउन सक्नेछ भन्ने व्यवस्था थप गर्नुपर्ने । |

| | |
|---|---|
| | आयोगका सदस्यको योग्यता न्युनतम स्नातक र अध्यक्षको स्नातकोत्तर राख्नुपर्ने । |

## भाग-२१

## महालेखा परीक्षक

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| महालेखा सम्बन्धी | महालेखा परीक्षकको शैक्षिक योग्यता स्नातकोत्तर हुने व्यवस्था गर्नुपर्ने । |
| | महालेखा परिक्षकको उमेरको हद ४५ वर्ष हुने व्यवस्था गर्नुपर्ने । |
| | धारा २४० को उपधारा (१) मा "राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय" समेत थप गर्नुपर्ने । |
| | राजनीतिक दलको अन्तिम लेखा परीक्षण समेत महालेखा परीक्षकबाट हुने व्यवस्था गर्नुपर्ने । |
| | महालेखा परीक्षकको काम, कर्तव्य र अधिकारको प्रयोग मातहतका कर्मचारी मार्फत गर्न पाउने व्यवस्था गर्नु पर्ने । |
| | धारा २४० को उपधारा (५) मा स्थानीय तहको लेखा परीक्षण समेत महालेखा परीक्षक कार्यालयबाट हुने व्यवस्था थप्नु पर्ने । |
| | महालेखा परिक्षकले राष्ट्रपति समक्ष प्रतिवेदन पेश गर्ने व्यवस्था थप गर्ने । |
| | महालेखा परिक्षकको कार्यालयलाई इन्टोसाइको घोषणा अनुसार सर्वोच्च लेखापरीक्षक संस्थालाई व्यवस्थापिका तथा कार्यकारीबाट हस्तक्षेप गर्न नमिल्ने हुनाले धारा २८४ बमोजिमको मूल्यांकन अनुगमनको व्यवस्था राख्न नहुने । |
| | महालेखा परीक्षकलाई संघीय लेखा परिक्षण आयोग कायम गर्ने । |
| | आयोगका सदस्यको योग्यता न्युनतम स्नातक र अध्यक्षको स्नातकोत्तर राख्नुपर्ने । |

## भाग-२२

## संघीय लोक सेवा आयोग

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| संघीय लोक सेवा आयोग सम्बन्धी | लोक सेवा आयोगको सम्बन्धमा आयोगबाट प्राप्त लिखित सुझाव अनुसार मस्यौदामा मिलाउनु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको उमेरको हद ४५ वर्ष राख्नु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरु वंशज नेपाली नागरिक मात्र हुने व्यवस्था गर्नुपर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरु खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गर्नु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरु नियुक्ति गर्दा विगत एक वर्षदेखि कुनै राजनैतिक दलको सदस्य नरहेको हुन पर्ने । |

| | |
|---|---|
| | निजामती सेवाको विकास तथा संरक्षण, अनुगमन, सिफारिस लगायताका कार्य गर्ने जिम्मेवारी आयोगमा रहनु पर्ने । |
| | निजामती सेवाको जुनसुकै पदमा नियुक्तिको लागि आयोगको परामर्श आवश्यक पर्ने व्यवस्था राख्ने । |
| | संघ र प्रदेश बीचका कर्मचारीहरुको सरुवा वा बढुवा गर्दा, संघ र प्रदेश बीचका पदमा सेवा परिवर्तन वा स्थान्तरण गर्न उपयुक्तताको विषयमा संघीय लोक सेवा आयोगको परामर्श आवश्यक पर्ने व्यवस्था गर्नु पर्ने । |
| | दुई वा दुई भन्दा बढी प्रदेश मिली आयोग गठन गर्न सक्ने व्यवस्था गरिनु पर्ने । |
| | आयोगले वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउनु पर्ने र प्रतिवेदनमा निजामती कर्मचारी प्रशासन कानून बमोजिम भए नभएको परिक्षण समेत उल्लेख गर्ने व्यवस्था गरिनु पर्ने । |
| | सरकारी तथा गैर सरकारी  सबै निकायको भर्ना लोकसेवा आयोगबाट हुनु पर्ने व्यवस्था गर्नुपर्ने । |
| | धारा २४२ मा सामुदायिक विद्यालय सेवा समेत थप गर्नु पर्ने । |
| | आयोगको पदाधिकारी नियुक्तिमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गरिनु पर्ने । |
| | आयोगमा ७ जना सदस्य हुनुपर्ने । |
| | आयोग राष्ट्रपति प्रति उत्तरदायी हुने व्यवस्था गर्नु पर्ने । |
| | लोक सेवा आयोगको परीक्षा प्रणाली बहुभाषिक हुने व्यवस्था गर्ने । |
| | धारा २४२ को उपधारा (२) मा रहेको  "सैनिक" भन्ने शब्द हटाउनुपर्ने । |
| | आयोगका सदस्यको योग्यता न्युनतम स्नातक र अध्यक्षको स्नातकोत्तर राख्नुपर्ने । |

## भाग-२३

## निर्वाचन आयोग

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| निर्वाचन आयोग सम्बन्धी | आयोगका प्रमुख आयुक्त वा आयुक्तको शैक्षिक योग्यता स्नातकोत्तर हुनुपर्ने । |
| | आयोगका प्रमुख आयुक्त वा आयुक्तको उमेरको हद ४५ वर्ष राख्नु पर्ने । |
| | आयोगका प्रमुख आयुक्त वा आयुक्त वंशज नेपाली नागरिक मात्र हुनुपर्ने । |
| | आयोगका प्रमुख आयुक्त वा आयुक्तहरुको खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गर्नु पर्ने । |
| | निर्वाचनको घोषणा गर्ने अधिकार आयोगलाई दिइनु पर्ने । |
| | आयोगमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने । |

| | |
|---|---|
| | आयोगमा सात जना सदस्य हुनुपर्ने । |
| | डि.भि./पि.आर लिएको व्यक्ति प्रमुख निर्वाचन आयुक्त वा आयुक्त हुन नपाउने व्यवस्था गर्नुपर्ने । |
| | आयोगको गठन गर्दा समावेशी र व्यवसायिक दक्षताको आधारमा पदाधिकारी रहने व्यवस्था गर्नु पर्ने । |
| | निर्वाचनको मिति घोषणा गर्ने, मतदान गर्न पाउने उमेर तोक्ने व्यवस्था समेत धारा २४५ मा थप गर्नु पर्ने । |
| | स्थायी प्रकृतिको निर्वाचन अदालतको व्यवस्था गर्नु पर्ने । |
| | संविधान बमोजिम आयोगले गर्ने निर्वाचनको मिति कानूनमा व्यवस्था भए बमोजिम हुने व्यवस्था गर्नुपर्ने । |
| | उम्मेदवारलाई मत मार्फत अस्वीकार गर्न पाउनुपर्ने व्यवस्था गरिनुपर्ने । |
| | अनलाईनबाट पनि मतदान गर्न पाउने व्यवस्था गर्नुपर्ने । |
| | राष्ट्रिय जनावर गाईलाई चुनाव चिन्ह प्रदान गर्न नहुने । |
| | चुनाव प्रणाली बहुसदस्यीय प्रत्यक्ष समानुपातिक वा मिश्रित सदस्यीय समानुपातिक ( एम.एम.पि.आर) प्रणाली अवलम्वन गर्ने व्यवस्था गर्नुपर्ने । |
| | महिला तथा दलितको लागि निर्वाचन क्षेत्र आरक्षित गर्नुपर्ने । |
| | आयोगका सदस्यको योग्यता न्युनतम स्नातक र अध्यक्षको स्नातकोत्तर राख्नुपर्ने । |
| | स्वदेश तथा विदेशमा कार्यरत श्रमिकलाई आ-आफ्नो कार्यस्थलबाट आ-आफ्नो निर्वाचन क्षेत्रमा मतदान दिने व्यवस्था गरिनुपर्ने । |

## भाग-२४

## राष्ट्रिय मानव अधिकार आयोग

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| राष्टि«य मानव अधिकार आयोग सम्बन्धी | आयोगका अध्यक्ष र सदस्यहरुको शैक्षिक योग्यता स्नातकोत्तर हुनुपर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिमा उमेरको हद पैतालिस वर्ष राख्नु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको उमेरको हद सत्तरी वर्ष राख्नु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको वंशज नेपाली नागरिक मात्र हुन पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरु खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गर्नु पर्ने । |
| | आयोगमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था हुनु पर्ने । |
| | आयोगमा सात जना सदस्य हुनुपर्ने । |

| | |
|---|---|
| | आयोगलाई मानव अधिकार हनन विरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गर्ने अधिकार हुनुपर्ने । |
| | धारा २४८ मा सैनिक ऐनको क्षेत्राधिकारको विषयमा राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्राधिकार हुने छैन भन्ने व्यवस्था राख्ने । |
| | आयोगका सदस्यको योग्यता न्युनतम स्नातक र अध्यक्षको स्नातकोत्तर राख्नुपर्ने । |

## भाग-२५
## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग सम्बन्धी | आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिमा उमेरको हद पैतालिस वर्ष राख्नु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरु वंशज नेपाली नागरिक मात्र हुन पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गर्नु पर्ने । |
| | यो आयोग आवश्यक नभएकोले हटाउनुपर्ने । |
| | धारा २५० को उपधारा (१) को खण्ड (ज) पछि प्राकृतिक श्रोत र साधनको सम्बन्धमा निम्न विषयहरु थप गर्ने:<br>● नीतिगत र कानुनी व्यवस्था र क्षमता वृद्धिमा नागरिक समाजसाग समन्वय गर्नुपर्ने ।<br>● वातावरणमा नकारात्मक प्रभाव पार्नेलाई कारबाहीको सिफारिस गर्ने ।<br>● प्राकृतिक श्रोत, वातावरण, जलवायु सम्बन्धी विषयमा भएका सन्धि सम्झौताको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्ने, कार्यान्वयन भएको नपाइएमा सो गर्न सरकार समक्ष सिफारिस गर्ने । |
| | आयोगमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्ने । |
| | आयोगको अध्यक्षको उमेरको हद ७० वर्ष तोक्नु पर्ने । |
| | आयोगका अध्यक्षको शैक्षिक योग्यता विद्यावारिधी र १५ वर्षको अनुभव हुनुपर्ने । |
| | धारा २४९ को उपधारा (६) को व्यवस्था हटाउनुपर्ने । |
| | धारा २५० को उपधारा (१) (क) को सट्टा संविधान र कानुन बमोजिम संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकार बीच प्राकृतिक स्रोत र राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र तय गर्ने भन्ने लेख्ने |
| | आयोगका सदस्यको योग्यता न्युनतम स्नातक र अध्यक्षको स्नातकोत्तर राख्नुपर्ने । |
| | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग दुई वटा बनाउने |

## भाग-२६

## राष्ट्रिय महिला आयोग

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| राष्ट्रिय महिला आयोग सम्बन्धी | आयोगका अध्यक्ष र सदस्यहरुको शैक्षिक योग्यता स्नातकोत्तर हुनु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिमा उमेरको हद पैतालीस वर्ष राख्नु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरु वंशज नेपाली नागरिक मात्र हुन पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गर्नु पर्ने र महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गर्ने । |
| | यो आयोग आवश्यक नभएकोले हटाउनुपर्ने । |

## भाग-२७

## राष्ट्रिय दलित आयोग

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| राष्ट्रिय दलित आयोग सम्बन्धी | आयोगका अध्यक्ष र सदस्यहरुको शैक्षिक योग्यता स्नातकोत्तर हुनु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिमा उमेरको हद पैतालिस वर्ष राख्नु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरु वंशज नेपाली नागरिक मात्र हुनु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गर्नु पर्ने । |
| | यो आयोग आवश्यक नभएकोले हटाउनुपर्ने । |
| | दलितको हक अधिकार सुनिश्चित गर्न कानुन बमोजिम हुनेछ भन्ने वाक्यांश हटाउनुपर्ने । |
| | आयोगमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्ने । |
| | राज्यका हरेक संरचना र निकायमा दलित समुदायलाई समानुपातिक समावेशी सहभागिताको ग्यारेन्टी हुनुपर्ने साथै निश्चित समयसम्म थप क्षतिपूर्ति सहितको आरक्षणको विशेष व्यवस्था हुनुपर्ने । |
| | दलित आयोग र महिला आयोग दुवैलाई समावेशी आयोगमा राखिनुपर्ने । |
| | दलित आयोगको सट्टा आर्थिक रुपले विपन्न वर्गको आयोग उल्लेख गर्नुपर्ने । |
| | दलित आयोगको सट्टा सिल्पी वा कालीगढ आयोग राखिनुपर्ने |

## भाग-२८

## राष्ट्रिय समावेशी आयोग

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|

| | |
|---|---|
| राष्टि«य समावेशी आयोग सम्बन्धी | आयोगका अध्यक्ष र सदस्यहरुको शैक्षिक योग्यता स्नातकोत्तर हुनु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिमा उमेरको हद पैतालिस वर्ष राख्नु पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरु वंशज नेपाली नागरिक मात्र हुन पर्ने । |
| | आयोगका अध्यक्ष र सदस्यहरुको खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गर्नु पर्ने । |
| | यस्तो आयोगलाई कानुनी व्यवस्थामार्फत व्यवस्था गर्ने । |
| | यो आयोगको सट्टा राष्ट्रिय शिक्षा सेवा आयोग राख्ने । |
| | आयोगमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गर्ने । |
| | आयोगमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था गर्ने । |
| | यो आयोगले गर्ने काम प्रधानमन्त्री कार्यालय वा राष्ट्रिय योजना आयोग अन्तर्गत एक शाखाले गर्ने व्यवस्था गर्ने । |
| | यो आयोगको सट्टामा राष्टि«य आदिवासी जनजाति आयोग बनाउनु पर्ने । |
| | ब्राम्हण र क्षेत्रीलाई समेत यस आयोगमा समावेश गरी आरक्षण दिने व्यवस्था हुनु पर्ने । |
| | राष्ट्रिय दलित आयोगलाई समेत यसै आयोगमा समावेश गर्ने व्यवस्था हुनु पर्ने । |
| | यस प्रकारका अनावश्यक आयोगलाई संवैधानिक निकायको रुपमा राख्न नहुने । |
| | धारा २५६ (क)मा 'राना थरुवा' थप्नुपर्ने । |

## भाग-२९

## महान्यायधिवक्ता

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| महान्यायाधिवक्ता सम्बन्धी | महान्यायाधिवक्ता खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति हुने व्यवस्था गर्नुपर्ने । |
| | महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था भाग २९ मा होइन भाग २४ भन्दा अगाडि राख्नु पर्ने । |
| | सरकारी वकिलको सेवा शर्त सम्बन्धी छुट्टै कानुन बनाउने प्रत्याभूति संविधानले गर्नुपर्छ । |
| | महान्यायाधिवक्ताको शैक्षिक योग्यता न्यूनतम स्नातकोत्तर हुनुपर्ने । |
| | महान्यायाधिवक्ताले आफ्नो मातहतका सरकारी वकिललाई अभियोजन कर्ता तोक्न सक्ने र आफ्नो कार्यविधि आफै तोक्ने, निर्णयमा न्यायिक पुनरावलोकन, पुनरावेदन नलाग्ने निर्णय गर्ने सक्ने अधिकार दिइनुपर्ने । |

# राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| राष्ट्रिय सुरक्षा सम्बन्धी | राष्ट्रिय सुरक्षा परिषद्मा नेपाली सेनाको प्रधान सेनापति रहने व्यवस्था थप गर्नुपर्ने । |
| | राष्ट्रिय सुरक्षा परिषद्मा नेपाल प्रहरी प्रमुख, सशस्त्र सुरक्षा बल प्रमुख समेत रहने व्यवस्था थप गर्नुपर्ने । |
| | धारा २७९ मा सुरक्षा सेवा थप गर्ने |
| | धारा २६२ को उपधारा (४) नेपालको हितमा नभएकोले परिमार्जन गर्नुपर्ने । |
| | धारा २६१ को व्यवस्थामा आफैलाई सिफारिस गर्ने व्यवस्था मिलेको नदेखिएकोले परिमार्जन गर्नुपर्ने । |
| | धारा २६३ मा सशस्त्र प्रहरीलाई नेपाल प्रहरी भन्दा पछि स्थान दिइएकोले सशस्त्र प्रहरीलाई नेपाल प्रहरी भन्दा अगाडि मर्यादाक्रममा राख्नुपर्ने, परिभाषामा छुट्टा छुट्टै उल्लेख हुनुपर्ने । |
| | धारा २६१ को उपधारा (२) मा रहेको "रक्षा मन्त्रालयको सचिव" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको मुख्य सचिव" भन्ने शब्दहरु राख्ने । |
| | धारा २६२ को उपधारा (१) मा "नेपालको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षाको लागि नेपालको संविधानप्रति प्रतिबद्ध नेपाली सेनाको एक संगठन रहनेछ" भन्ने व्यवस्था राख्ने । |
| | राष्ट्रिय सुरक्षा परिषद्मा गृहमन्त्रीलाई राख्न आवश्यक नभएकोले हटाउनुपर्ने । |
| | १८ वर्ष उमेर पुगेका नागरिकलाई अनिवार्य सैनिक तालिम हुने व्यवस्था गर्नुपर्ने । |
| | धारा २६३ मा उल्लेख भएको राष्ट्रिय अनुसन्धान सम्बन्धी व्यवस्था हटाउनुपर्ने । |
| | सीमा सुरक्षा बलको व्यवस्था गर्नुपर्ने । |
| | राष्ट्रिय सुरक्षा सम्बन्धी संवैधानिक आयोग हुनुपर्ने । |
| | प्रहरी महानिरीक्षकको नियुक्ति गर्ने व्यवस्था संविधानमा हुनुपर्ने । |
| | धारा २६३ मा उल्लेख भएको "सशस्त्र प्रहरी" को सट्टा "सशस्त्र सुरक्षा बल" भन्ने शब्दहरु राखिनुपर्ने । |
| | धारा २६२ को उपधारा (२) मा समानुपातिक प्रतिनिधीत्व थप्नुपर्ने । |
| | धारा २६२ को उपधारा (४) को प्रधानसेनापतिको नियुक्ति र पदमुक्त सम्बन्धी व्यवस्था बेग्ला बेग्लै उपधारामा राखिनुपर्ने । |
| | धारा २६३ को उपधारा (३) मा केन्द्रमा नेपाल प्रहरी महानिर्देशक र प्रदेशमा नेपाल प्रहरी महानिरिक्षक हुनुपर्ने । <br><br> धारा २६३ को उपधारा (२) मा नेपाल प्रहरीको व्यवस्था संघीय नेपाल प्रहरीको संरचना |

| | |
|---|---|
| | र सुपरिवेक्षणमा रहने गरी प्रादेशिक नेपाल प्रहरी रहनेछ र प्रादेशिक प्रहरीको अन्य व्यवस्था प्रादेशिक कानुनले तोके बमोजिम हो ।<br>अनुसूची ७ नगर प्रहरी, सामुदायिक प्रहरी नेपाल प्रहरी अन्तर्गत हुनुपर्ने ।<br>प्रदेश प्रहरी राखिनुपर्ने । |

## भाग-३१

## राजनीतिक दल सम्बन्धी व्यवस्था

| विषय | राय, सुझाव, प्रतिक्रिया |
|---|---|
| राजनितिक दल सम्बन्धी | राजनैतिक दलको मान्यता पाउन निर्वाचनमा खसेको मतको आधारमा थ्रेसहोल्ड तोक्ने व्यवस्था गर्नुपर्ने । |
| | राजनितिक दलको मान्यता पाउन निर्वाचनमा खसेको कूल मतको कम्तीमा ५% मत प्राप्त गरेको हुनुपर्ने र उक्त मत प्राप्त नगर्ने दलको दल दर्ता खारेज हुने व्यवस्था राख्ने । |
| | राजनितिक दलको मान्यता पाउन निर्वाचनमा खसेको कूल मतको कम्तीमा ३% मत प्राप्त गरेको हुनुपर्ने र उक्त मत प्राप्त नगर्ने दलको दल दर्ता खारेज हुने व्यवस्था राख्ने । |
| | राजनितिक दलको मान्यता पाउन निर्वाचनमा खसेको कूल मतको कम्तीमा २% मत प्राप्त गरेको हुनुपर्ने र उक्त मत प्राप्त नगर्ने दलको दल दर्ता खारेज हुने व्यवस्था राख्ने । |
| | राजनितिक दलको मान्यता पाउन निर्वाचनमा खसेको कूल मतको कम्तीमा १०% मत प्राप्त गरेको हुनुपर्ने र उक्त मत प्राप्त नगर्ने दलको दल दर्ता खारेज हुने व्यवस्था राख्ने । |
| | समानुपातिक सभासद चुन्न दलले प्रत्यक्ष निर्वाचनमा खसेको कुल मतको कम्तीमा ५% मत प्राप्त गर्नुपर्ने । |
| | दलले कुनै पनि प्रकारको बन्द हड्ताल गर्न नपाउने व्यवस्था राखिनुपर्ने । |
| | नेपाल बन्द हड्तालको घोषणा गर्ने दलको दल दर्ता खारेज हुने व्यवस्था गर्ने । |
| | दल दर्ता गर्दा एक तिहाई महिला हुनु पर्ने । |
| | राजनीतिक दल तथा प्रतिनिधिका लागि आचार संहिता हुने व्यवस्था गरिनु पर्ने । |
| | कुनै पनि फौजदारी अभियोग लागेको वा नैतिक पतन भएको व्यक्तिलाई कुनै पनि राजनीतिक दलले सदस्य बनाउन नपाउने व्यवस्था गरिनुपर्ने । |
| | राजनीतिक दलको आय र व्यय पारदर्शी हुनुपर्ने र सोको बार्षिक लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था गरिनु पर्ने । |
| | दलको नेता ६५ वर्ष ननाघेको हुनु पर्ने र दलको नेतामा एकै व्यक्ति २ कार्यकाल भन्दा धेरै बस्न नपाउने व्यवस्था गरिनु पर्ने । |
| | केन्द्र तथा प्रान्तीय आम निर्वाचनमा खसेको कूल सदरमतको कम्तीमा तीन प्रतिशत मत प्राप्त गर्ने दलले मात्र समानुपातिक निर्वाचनमा सममावेश हुन पाउने व्यवस्था गर्नु पर्ने |

| | |
|---|---|
| | धारा २६४ को उपधारा (३) मा रहेका वार्षिक लेखा परिक्षण प्रतिवेदनका अतिरक्ति भन्ने शब्दहरु हटाउनु पर्ने र उपधारा (४) को खण्ड (ग) को व्यवस्थामा संशोधन हुनु पर्ने । |
| | ६० वर्षभन्दा माथिको व्यक्ति राजनीतिक दलको उम्मेदवार हुन नपाउने व्यवस्था गरिनुपर्ने । |
| | सरकारी कर्मचारी र पत्रकार कुनै पनि राजनीतिक संगठनको साधारण सदस्य समेत रहन प्रतिबन्धको व्यवस्था गरिनुपर्ने । |
| | राजनीतिक पार्टीका व्यक्तिहरुको शैक्षिक योग्यता र उमेर हद तोकिनुपर्ने । |
| | राजनीतिक दलबाट हुने बन्द हड्तालालाई अपराधीकरण गर्ने व्यवस्था हुनुपर्ने । |
| | जबरजस्ती चन्दा माग्ने वा लिने राजनीतिक दलको दर्ता खारेज हुने व्यवस्था गर्नुपर्ने । |
| | राज्यले निर्वाचनका लागि राजनीतिक दललाई न्यूनतम रकम उपलब्ध गराउने व्यवस्था हुनुपर्ने । |
| | थ्रेसहोल्डको व्यवस्था राख्नु हुँदैन । |
